ग्रामीण युवा विकास कार्यक्रम

२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

AWO International e.V.


# युवा आवाज


वर्ष ३, अङ्क १, पूर्णाङ्क ५ (Year 3, Vol. 1, Issue 5) माघ २०६९ - असार २०७० / 2013 YOUTH VOICE


## संस्थागत भनाइ



नेपालको कूल जनसंख्याको ४०.३% १६-४० उमेर समूहका युवाहरू रहेका छन् । जसमध्ये करिब ३२ लाख युवाहरू विदेशी श्रम बजारमा कार्यरत छन् । प्रत्येक वर्ष करिब ४ लाख युवाहरू श्रम बजारका लागि तयार हुन्छन् तर ५० हजार भन्दा कम युवाहरूलाई मात्र नेपाली श्रम बजारले थेग्न सक्छ । बाँकी ३ लाख ५० हजार कामका लागि विदेशिन बाध्य छन् । युवाहरूको कामका लागि बसाइँ सराइ हुन क्रम रहर नभएर बाध्यता भएको छ । देशभित्र उत्पादन भएको जनशक्तिलाई मुलुकको विकासमा परिचालन एवं व्यवस्थापन गर्न नसक्दा अरू मुलुकले यसको फाइदा लिइरहेका छन् । धनी राष्ट्रहरूले स्वदेशको पूँजीलाई बाहिर जान नदिन विभिन्न व्यक्तिगत सुरक्षा योजनाहरू, शिक्षा, स्वास्थ्य, घर, गाडी लगायतका अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएर विदेशमा नै नेपाली जनशक्तिहरू पलायन गराइरहेको पाइन्छ । यस सन्दर्भमा नेपालको आर्थिक समृद्धिका लागि सम्भाव्य क्षेत्रमा लगानी मैत्री वातावरण तयार गरी राज्यले देश विकासका अजस्र स्रोतहरू युवा शक्तिको उचित मूल्यांकन गरी समयमा नै युवाहरूको आवाजलाई सम्बोधन गर्नु जरुरी छ । यस कार्यमा यो 'युवा आवाज' ले राज्यका निकायहरूलाई ध्यानाकर्षण गराउनेछ भन्ने कुरामा हामी आशावादी छौं ।

करूणा सागर सुवेदी
अध्यक्ष तथा
सहमति परिवार






## यस भित्र ......


- परिवर्तनका आफ्नै अनुभव : आफ्नै कथा,
- स्थानीय गैसस तथा सहकारी
- व्यक्तिगत अनुभूतिहरु
- युवा सूचना केन्द्र
- सामूहिक तथा स्वावलम्बी प्रयास
- सिर्जनात्मक अभिव्यक्तिहरु



सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International e.V.

# युवा विकासमा : ग्रामीण युवा विकास कार्यक्रम

सहमति र AWO International Germany को साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम सन् २००८ को जनवरीदेखि नवलपरासी जिल्लाका ४ वटा पहाडी गा.वि.स.हरु डाँडाझेरी, रतनपुर, कोटथर र गैंडाकोट गा.वि.स.को वार्ड नं. ३ मा सञ्चालन भइरहेको छ ।

ग्रामीण युवाहरुको जीविकोपार्जनमा सुधार ल्याउने प्रमुख लक्ष्य लिएको यस कार्यक्रमले उक्त लक्ष्य प्राप्त गर्नका लागि निम्नअनुसारको उद्देश्यहरु लिएको छ ।

- स्थानीय स्तरका सामाजिक तथा लघुवित्तीय संस्थाहरुमा युवाहरुको सहभागिता वृद्धि गराई निर्णायक तहमा पहुँच पुऱ्याउने ।
- स्थानीय स्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्दै युवाहरुको आयस्तर वृद्धि गराउने ।
- युवाहरुको बाध्यात्मक, असूचित तथा मौषमी बसाइँसराइलाई कम गर्ने ।

यी माथिका उद्देश्यहरु प्राप्त गर्न कार्यक्रमले लघुवित्तीय संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका संस्थागत तालिम तथा सहयोगहरु प्रदान गर्दै आइरहेको छ । कार्यक्षेत्रका सहकारीहरुले ८६% युवाहरु सहकारीको नेतृत्व तहमा रहेर काम गरिरहेका छन् । कार्यक्षेत्रमा रहेका सहकारीहरु मध्ये गैंडाकोटमा रहेको मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ४४८ जना शेयर सदस्यहरु, रतनपुरमा रहेको महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ५३६ जना, कोटथरमा रहेको देवचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ६९२ जना र डाँडाझेरीमा रहेको कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ७७५ जना गरी जम्मा २,४५१ शेयर सदस्यहरु रहेका छन् ।

त्यस्तै गरी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्नको लागि सीपमुलक तथा व्यवसायिक तालिमहरु सञ्चालन भईरहेका छन् । जस्तै मोवाईल मर्मत, टेलरिङ्ग, ड्राईभिङ्ग, कुक, व्युटीपार्लर, कम्प्युटर, खुद्रा पसल, फर्निचर, विजुली हाउस वायरिङ्ग आदि सीपमुलक तालिममा ३० जना भन्दा बढी युवाहरु सहभागी भई आयआर्जन गरिरहेको अवस्थामा छ भने १६ जना युवाहरु तालिमसँग सम्बन्धित वैदेशिक रोजगारीमा गएका छन् । त्यस्तै गरी युवाहरुलाई ३५ र ५१ दिने प्रशिक्षक तालिम मार्फत ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, ग्रामीण कृषि कार्यकर्ता तालिम, भेटेरीनरी पसल सञ्चालन तालिम आदि सञ्चालनबाट स्थानीय श्रोत व्यक्ति तयार गरी गाउँघरमा र समुदायमा तालिमबाट सिकिएका ज्ञान र सीपको प्रयोग गरेर आयआर्जनका क्रियाकलापहरुमा संलग्न भएका छन् । कार्यक्रमले कृषि सम्बन्धी तालिम, फलफुल सम्बन्धी, अदुवाबाली तथा पशुपालन सम्बन्धी तालिम तथा सहयोगहरु प्रदान गर्दै आइरहेको छ । कार्यक्षेत्रमा रहेका युवा सूचना केन्द्रहरुले सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार सम्बन्धी उपयोगी सूचना तथा संकलन गरेर ग्रामीण क्षेत्रमा रहेका युवाहरुलाई चेतना सम्बन्धी ज्ञानमुलक कुराहरु दिइरहेका छन् । त्यस्तै गरी युवा सूचना केन्द्रले वैदेशिक रोजगारका लागि अभिमुखीकरण कार्यक्रमहरु, किशोरी प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा छलफलहरु, अनौपचारिक युवा कक्षा, कम्प्युटर कक्षा तथा अंग्रेजी भाषाका कक्षाहरु सञ्चालन गरिरहेका छन् । साथै युवा सूचना केन्द्रले पहाडका बस्तीहरु छरिएर रहेकाले उपसूचना केन्द्रको स्थापना गरेर पुस्तकालयका पुस्तक, पत्रपत्रिकाहरु तथा विभिन्न कार्यक्रमहरु फरक फरक ठाउँमा सञ्चालन गरिरहेका छन् । युवा सूचना केन्द्रलाई व्यवस्थित बनाउन ११ सदस्यीय कार्यसमिति रहेको छ । यी संस्थाहरुमा सदस्य बन्नको लागि स्थानीय युवाहरुको आकर्षण बढ्दै गइरहेको छ । त्यस्तै यी संस्थाहरुले वार्षिक शुल्क लिएर सदस्यता समेत उपलब्ध गराउने गर्दछन् । कार्यक्रमले युवा सूचना केन्द्रका परिचालकहरुलाई थप क्षमता अभिवृद्धि गर्न वैदेशिक रोजगार सम्बन्धी निकायहरुमा अवलोकन भ्रमणले पनि उनीहरुको दक्षता बढ्दै गइरहेको छ । जसबाट युवा सूचना केन्द्रको प्रभाव दिनानुदिन बढ्दै गइरहेको छ ।

त्यस्तै गरी ग्रामीण युवा विकास कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेका युवा क्लबहरुलाई संगठित गराइ साझेदारी संस्थाको रुपमा परिचालन गरेको छ । ती स्थानीय युवा क्लबहरुले समुदाय र युवाहरुसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् । वातावरण तथा सरसफाई, वृक्षारोपण, आयआर्जनका क्रियाकलापहरु, फरक क्षमता भएकाहरुको अभिलेख तयार पार्ने, एकल महिला पैरवी, जेष्ठ नागरिकहरुको अवस्था विश्लेषण, राज्यबाट प्राप्त हुनुपर्ने सेवा सुविधाको पैरवी गर्ने लगायतका गतिविधिहरु रहेका छन् । स्थानीय युवाहरुको सक्रियतामा डाँडाझेरी गा.वि.स. नवलपरासी जिल्लाको छैटौं स्थानमा "खुल्ला दिसा मुक्त क्षेत्र घोषणा", धुँवा रहित सुधारिएको चुल्हो निर्माणमा पहिलो गा.वि.स. र लुम्बिनी अञ्चल र नवलपरासी जिल्लाको पहिलो तथा पश्चिमाञ्चल क्षेत्रको दोस्रो सहकारीको रुपमा "शतप्रतिशत घरधुरी आवद्धतम भएको घोषणा" समेत सम्पन्न भएको छ । स्थानीय क्षेत्रमा रहेका युवाहरुलाई संस्थागत रुपमा अगाडि बढाउदै नेतृत्वकारी भूमिकामा सहभागी गराउनु पर्दछ भन्ने मान्यता संस्थाको रहेको छ किनकी युवा भनेका देश विकासका पुर्वाधार हुन् ।

यस युवा आवाजमा प्रकाशित लेख, रचना तथा अनुभूतिहरु ग्रामीण क्षेत्रमा रहेका युवाहरुको हातबाट कोरिएका हुन । यी सृजनात्मक रचनाहरुले कार्यक्षेत्रका युवाहरुलाई मात्र नभई सम्पुर्ण युवाहरुलाई उदाहरणीय सिकाइ र प्रेरणा बन्नेछ र समुन्नत समाजको निर्माणमा अग्रणी भूमिका खेल्न सहयोग गर्नेछ ।






## सामाजिक क्षेत्रमा : जनसेवा विकास केन्द्र

✍ टिकाराम गरञ्जा मगर
कोषाध्यक्ष, जनसेवा सामाजिक विकास केन्द्र
डाँडाझेरी-४, वरिमल, नवलपरासी




नवलपरासी जिल्लाका ७३ गा.वि.स.र १ नगरपलिकामा पहाडी क्षेत्रका १७ गा.वि.स.हरु मध्ये अति विकट डाँडाझेरी गा.वि.स. पनि एउटा हो । भौगोलिक हिसावले गा.वि.स. भरी डाँडाकाँडा भीरपाखा भएको हुँदा यस गा.वि.स.लाई डाँडाझेरी गा.वि.स. भनेर नामाकरण गरिएको छ । यस ठाउँमा लगभग ८० प्रतिशत भन्दा बढी मगर जातीको बाहुल्य रहेकाले सबै जनाले मगर भाषा नै बोल्ने गर्दछन् । मुख्य पेशाको रुपमा रहेको परम्परागत कृषि प्रणालीबाट नै जीविकोपार्जन गरेका छन् । तथ्यांकीय आधारबाट यस क्षेत्रलाई हेर्दा यहाँ करिव ७० प्रतिशत भन्दा बढी समुदाय गरिबीको रेखा मुनी रहेका छन् । यस गा.वि.स.मा विकासको पुर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत्, खानेपानी लगायतका आवश्यकीय सुविधाहरुको कमी भएकाले यस क्षेत्रमा वसोवास गर्ने समुदायहरुको जीवनयापनको लागि आर्थिक उपार्जन गर्न धौ धौ भएको छ ।

जब यस गा.वि.स.मा वि.सं. २०६५ साल देखि सहमति ग्रामीण युवा विकास कार्यक्रमले युवा केन्द्रित तालिम, गोष्ठी, सेमिनारहरु लगायतका कार्यक्रमहरु संचालन गरेपछि विस्तारै विस्तारै यहाँका समुदायहरुमा चेतनाको विकासले समाज अग्रदिशामा सुदृढीकरण हुँदै अगाडि बढ्दै गइरहेको छ । विभिन्न किसिमका संस्थागत विकास तालिम, कृषि सम्बन्धी तालिम, स्थानीय क्षेत्रमा रहेका गैरसरकारी संस्थाहरुको कार्ययोजना तयार गरी समुदायको विकास र विस्तारमा पहुँच पुगेको छ । डाँडाझेरी गा.वि.स. वाड नं. ४ वरिमलमा रहेको जनसेवा सामाजिक विकास केन्द्रलाई क्रियाशील गराउनका लागि तीन दिने योजना तर्जुमा सम्बन्धी तालिमको व्यवस्था गरेर त्यसबाट योजनालाई कसरी, कहिले, कसले सम्पन्न गराउने भन्ने जानकारी तालिमबाट सिक्यौ । त्यसपछि सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट कार्ययोजना अनुसार आफ्नै टोल वरिमलबाटै चर्पी निर्माण कार्य शुरुवात गरियो । त्यसपछि जनसेवा भवन निर्माण, सरसफाई अभियान, सहकारी शिक्षा शिविर, अभिभावक, शिक्षक र विद्यार्थीबीच अन्तर्क्रिया कार्यक्रम, सचेतना मुलक विभिन्न कार्यक्रमहरु सञ्चालन गरियो । अहिलेसम्म जनसेवा सामाजिक विकास केन्द्रले कार्ययोजना अनुसार सम्पन्न गरेका क्रियाकलापहरुमा चर्पी निर्माण (वरिमल, धवादी, पेलेगा टोलमा), अनौपचारिक युवा शिक्षा कार्यक्रम (सानोटाँडी, भाङवारी, देउरालीटोल बाहेक सबै टोलमा), महिला पैरवी तालिम सञ्चालन (गोठडाँडा, कोटा, वरिमल, धवादी, पेलेगा र वोझा टोलमा), वङ्गुर खोर व्यवस्थापन (वरिमलमा) र जुठेल्नो सुधार कार्यक्रम गा.वि.स. भरी नै सञ्चालन भैसकेको छ । सहमति, ग्रामीण युवा विकास कार्यक्रमवाट डाँडाझेरी गा.वि.स.मा विभिन्न विषय सम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन, सहकारी संस्था स्थापना, युवा सूचना केन्द्र, सिंचाईको

*(बाँकी ६ पेजमा ......)*



## आर्थिक विकासको मेरुदण्ड सहकारी

✍ खेमराज ठाडा मगर
अध्यक्ष, श्री देवचुली वचत तथा ऋण सहकारी संस्था लि.
कोटथर-५, थामवेंसी

नवलपरासी जिल्लाकै अति दुर्गम गा.वि.स. को रुपमा यस कोटथर गा.वि.स.रहेको छ । यहाँ यातायातको अभाव, जनचेतनाको कमी, शिक्षाको कमी, जीवन निर्वाहमुखी खेतीपाती, सिंचाईको अभाव, सञ्चारको अभाव जस्ता असुविधाहरु ज्यूँका त्यूँ रहेको छ । मोटर बाटोको कुरा गर्दा वर्षभरीमा ४ महिना मात्र सुविधा लिन सकिन्छ भने बाँकी ८ महिना पैदल यात्रा गर्नुपर्दछ । वास्तवमा भन्ने हो भने यस क्षेत्रका मानिसहरु आर्थिक, शैक्षिकका लागि सुविधामुलक स्थान तिर प्रवेश तथा बसाईंसराइ गर्ने जस्ता कारणले गर्दा पनि यस क्षेत्रको सामाजिक संरचना खस्कन पुगेको देखिन्छ । मानिसहरुमा शैक्षिक जनचेतनाको अभावका कारणले राज्यले यस गा.वि.स.मा जतिनै बजेट छुट्याए पनि पछाडि नै पररिहेको छ ।

यस क्षेत्रमा देखिएका विकाराल समस्याहरुलाई पर्दाफास गर्नको लागि गैर सरकारी संस्था सहमतिले २०६५ सालदेखि विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरेको छ । यसमा मलाइ ज्यादै खुसी लागेको छ । सहमति ग्रामीण युवा विकास कार्यक्रमले युवा सचेतनाका कार्यक्रमहरु, विभिन्न प्रकारका सीपमूलक, आयमूलक सम्बन्धी तालिम प्रदान गरेर दक्ष जनशक्ति उत्पादन गरी निर्वाहमुखी सोंचलाई व्यावसायिक सोंचमा परिवर्तन, ग्रामीण क्षेत्रमा रहेका बाबुनानीहरुलाई उच्च शिक्षा हाँसिल गर्नेतर्फ आर्थिक सहयोग, युवाहरुलाई वैदेशिक रोजगार सम्बन्धी चेतनाको लागि युवा सूचना केन्द्रको स्थापनाले ग्रामीण क्षेत्रको विकासमा अग्रणी भूमिका खेलेको छ । त्यस्तै यस गा.वि.स.मा रहेका जनताहरुको सामाजिक, आर्थिक, राजनैतिक प्रवर्द्धनका लागी हेकोडेफको सहयोगमा खोलिएको संस्था श्री देवचुली बचत तथा ऋण सहकारी संस्था २०६५ साल भन्दा अगाडि हराइसकेको स्थितिमा रहेको थियो । पछि जब सहमति ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न तालिम, गोष्ठी, सहकारी शिक्षा शिविर, समूह सञ्जाल जस्ता कार्यक्रमहरु सञ्चालन भएपछि अहिले पहिलाको भन्दा धेरै चेतनामा वृद्धि भएकाले गर्दा सहकारी तिव्र गतिमा अगाडि बढेको छ । वर्तमान समयमा सहकारीको निजी भवन, २ जना कर्मचारी कार्यरत, ६९२ जना शेयर सदस्यहरु रहेका छन भने यसको कुल कारोवार २७ लाख ७३ हजार ९९७ रुपैयाँ रहेको छ । सहकारीको प्रर्वद्धन हुनुमा सहमति ग्रामीण युवा विकास कार्यक्रमको प्रमुख देनको रुपमा लिन सकिन्छ ।

अन्त्यमा, सहकारी विना कुनै पनि आर्थिक विकास सम्बन्धी क्रियाकलाप सम्भव नभएको र युवा भनेको समाज परिवर्तनको वाहक भएकाले सम्पुर्ण युवा जनशक्तिहरु सहकारीमा आवद्ध भई आर्थिक उन्नति गर्नेतर्फ अग्रसर हुन साथै सहमति ग्रामीण युवा विकास कार्यक्रमले आगामी दिनमा समाजको विकास निर्माण तथा युवा सम्बन्धी विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरी सशक्त रुपमा अगाडी वढाउन जोड दिंदै कोटथरवासी र श्री देवचुली बचत तथा ऋण सहकारी संस्थाका कार्यसमिति र सम्पूर्ण शेयर सदस्यहरुको तर्फबाट सहमति संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

# नवलपरासी जिल्लाको पहिलो सहकारी

✍ बेल बहादुर सारु
व्यवस्थापक, कामना बचत तथा ऋण सहकारी संस्था लि., डाँडाझेरी-९, टाँडी, नवलपरासी

नवलपरासी जिल्लाको विकट पहाडी गा.वि.स. भनेर चिनिने डाँडाझेरी गा.वि.स. नवलपरासी जिल्लाको १७ वटा पहाडी गा.वि.स. मध्ये दुर्गम क्षेत्रको गा.वि.स. डाँडाझेरी गा.वि.स. हो । यस गा.वि.स. भौगोलिक दृष्टिकोणले हेर्दाखेरि अत्यन्तै विकट छ । महेन्द्र राजमार्गको दलदले चोकदेखि डाँडाझेरी-९, टाँडी आउन १२ घण्टाको पैदल यात्रा गर्नुपर्ने वाध्यता छ । यस गा.वि.स.को विकास हिसावले अत्यन्तै पछाडी रहेको छ । विगत १० वर्ष अगाडिदेखि सामाजिक क्षेत्रमा डाँडाझेरी गा.वि.स.का विभिन्न समूहहरुलाई कार्यक्षेत्र वनाई एक्सन एड नेपाल, हिकोडेफ जस्ता गैरसरकारी संस्थाहरुले काम गरेका थिए । वि.सं. २०५५ सालतिर हिकोडेफ संस्थाले समूह वनाई भैंसीपालन, बाखापालन, बङ्गुरपालन, गाईपालन व्यावसायलाई व्यावसायिक रुपमा नयाँ कृषि प्रणाली अपनाई व्यवसाय सञ्चालन गर्न सहयोग गरेको थियो । त्यस कार्यमा सफलता भएपछि फेरी पुन उक्त समूहहरुलाई एकतावद्ध बनाई सहकारी संस्था स्थापना गर्न २०५८ सालमा सहकारी डिभिजन कार्यालयमा कामना बहुउद्देश्यीय सहकारी संस्था लि. को विधान तयार गरी आवश्यक कागजातहरु मिलाएर कानून वमोजिम १७१ नं. मा दर्ता भै सञ्चालन भएको थियो । केहि समय राम्रोसँग सञ्चालन भएपनि पछि गएर विविध कारणले गर्दा कामना बहुउद्देश्यीय सहकारी संस्था लि. को प्रशासनिक कार्य सञ्चालन हुन सकेन, बीचमा २,३ वर्ष अलपत्रमा रहेको थियो ।

वि.सं. २०६६ सालमा सहमति, ग्रामीण युवा विकास कार्यक्रमले उक्त सहकारी संस्थालाई निरन्तरता दिनुपर्छ भनी आवश्यक सल्लाह सुझाव दिएपछि उक्त कार्यक्रमको सहयोगमा १ जना कर्मचारी सहयोग, विभिन्न सहकारी व्यवस्थापन सम्बन्धी तालिमहरु (सहकारी शिक्षा शिविर, सहकारी अवलोकन भ्रमण, लेखा सम्बन्धी तालिम आदि), आवश्यक फर्निचर सामाग्रीहरु (दराज, कुर्चि, टेवल आदि) र अन्य स्टेशनरी सामाग्रीहरु सहयोग गरी डाँडाझेरी गा.वि.स. भवनको एउटा कोठामा तिन वर्षसम्म कार्यालय सञ्चालन भयो । बिस्तारै बिस्तारै संस्थामा शेयर सदस्यहरुको वृद्धि र मासिक बचत नियमित हुन थाले पछि जम्मा भएको बचत रकमलाई १८ प्रतिशत व्याजदरमा लगानी गरेको थियो । न्युनतम मासिक बचत रकम रु ३० देखिमाथि गर्न पाउने व्यवस्था थियो । यसरी कामना बहुउद्देश्यीय सहकारी संस्था लि. ले विभिन्न उद्देश्य लिएर डाँडाझेरी गा.वि.स. मा राम्रोसँग काम गरिरहेको छ । वि.सं. २०६८ सालमा कामना बहुउद्देश्यीय सहकारी संस्था लि.को निजी भवन बनाउनका लागि ग्रामीण युवा विकास कार्यक्रम, डाँडाझेरी गा.वि.स. र संस्थाको आन्तरिक स्रोतबाट तिनकोठे पक्की भवन र दुईवटा शौचालय निर्माण भएको थियो । यसरी सहमति, ग्रामीण युवा विकास कार्यक्रमले समय समयमा सहकारी सम्बन्धी तालिम, विभिन्न अध्ययन अवलोकन भ्रमण र सहकारी शिक्षा शिविरले गर्दा संस्था उन्नति र प्रगति तिर लम्कँदै र सहज रुपमा सहकारी संस्थालाई व्यवस्थापन गर्न मद्दत मिलेको छ । हाल यस कामना बहुउद्देश्यीय सहकारी संस्था लि. डाँडाझेरी बासीहरुको लागि वैंकको रुपमा स्थापित भएको छ । यस संस्थाबाट दु:ख कष्ट परेको बेलामा सस्तो व्याजमा ऋण लिन पाउने भएकाले डाँडाझेरीका समुदायहरुको लागि व्यापार, व्यवसाय, आयआर्जन तथा उत्पादनशील क्षेत्रमा लगानी गर्न स्थानीय वैंकका रुपमा परिचित भएको छ । वि.सं. २०६९ सालमा यस कामना बचत तथा ऋण सहकारी संस्था लि.मा शेयर सदस्य वृद्धि गर्न स्थानीय संस्था डाँडाझेरी ग्रामीण विकास केन्द्रले पनि



*(बाँकी ७ पेजमा)*

# ग्रामीण क्षेत्रको विकासमा स्थानीय संस्थाको भूमिका

✍ पार्वती सारु मगर
सक्रिय कार्यसमिति सदस्य, डाँडाझेरी ग्रामीण विकास केन्द्र, डाँडाझेरी-९, टाँडी

नवलपरासी जिल्लाको उत्तर पहाडी १७ गा.वि.स.हरु मध्ये विकट दुर्गम क्षेत्रको गा.वि.स.को रुपमा डाँडाझेरी गा.वि.स.लाई लिन सकिन्छ । यस गा.वि.स.मा रहेका विभिन्न सरकारी गैरसरकारी संघसंस्थाहरु मध्ये डाँडाझेरी ग्रामीण विकास केन्द्र पनि एक गैरसरकारी संस्था हो । प्रस्तावित संस्था वि.सं. २०६७ सालमा डाँडाझेरी गा.वि.स. वाड नं. ९ का युवा, महिला, समाजसेवी वुद्धिजीवीहरुको भेलाबाट आपसी छलफल गरी यस संस्थाको नाम डाँडाझेरी ग्रामीण विकास केन्द्र नामाकरण गरिएको हो । नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स. वाड नं. ५ मा रहेको सहमति संस्था ग्रामीण युवा विकास कार्यक्रम मार्फत वि.सं. २०६७ साल देखि डाँडाझेरी गा.वि.स. लगायत छिमेकी गा.वि.स. कोटथर, रतनपुर, गैंडाकोट गा.वि.स. वाड नं. ३ लाई कार्यक्षेत्र वनाई कार्यक्रम शुरु गरेपछि कार्यक्रमको प्रर्वद्धनमा सामाजिक क्रियाकलापहरु संचालन गर्दा प्रस्तावित संस्था पनि क्रमश: अगाडी वढ्दै गएको थियो । वि.सं. २०६८ सालमा ३ दिने अध्ययन अवलोकन भ्रमण, विभिन्न संस्थागत तालिमहरु, गोष्ठी र छलफल गराई संस्था संचालन गर्ने प्रक्रियामा सहमति संस्थाले निरन्तर सहयोग गरिरहेको थियो । वि.सं. २०६८ सालमा ३ दिने संस्था संचालन कार्ययोजना निर्माण तालिम समेत सम्पन्न गरियो । त्यसपछि डाँडाझेरी ग्रामीण विकास केन्द्र, नेपालले कार्ययोजनाका आधारमा सामाजिक क्षेत्रमा काम गर्ने यात्रा प्रारम्भ गरेको थियो ।

डाँडाझेरी ग्रामीण विकास केन्द्रको सक्रियतामा खानेपानी मर्मत, वनजंगल संरक्षण, वातावरण सरसफाइ कार्यक्रम गरेको थियो । वि.सं. २०६९ साल जेठ २४ गते सहमति संस्थाले डाँडाझेरी ग्रामीण विकास केन्द्रलाई विभिन्न कार्यक्रम गर्न सहयोग गरेको थियो । यस संस्थाले डाँडाझेरी गा.वि.स. अन्तर्गत वार्ड नं. ७ र ९ मा चार वटा टोलमा वातावरण सरसफाइ, ९ वटा वडामा रहेका सामुदायिक वनलाई व्यवस्थापन संरक्षण तालिम सञ्चालन, युवा सूचना केन्द्र चिठ्ठा छपाई सहयोग, सामुदायिक विकासमा युवाको भूमिका त्यस्तै संस्थागत आयआर्जनका लागि केराको विरुवा र अम्रिसो खेती लगाउने काम, देववडाँचुलीमा तारबार गर्न सहयोग गरेको थियो । त्यस्तै गरी डाँडाझेरी गा.वि.स.लाई नवलपरासी जिल्लाको छैटौ स्थानमा खुला दिसामुक्त क्षेत्र घोषणा, धुवाँ रहित सुधारिएको चुल्हो निर्माणमा जिल्लाको पहिलो गा.वि.स. घोषणा र नवलपरासी जिल्ला तथा लुम्बिनी अञ्चलको पहिलो र पश्चिमाञ्चल क्षेत्रको दोश्रो शत प्रतिशत घरधुरी सहकारीमा आबद्ध भएको घोषणाका साथै सहकारीमा शेयर सदस्यता वृद्धि गर्नमा समेत यस डाँडाझेरी ग्रामीण विकास केन्द्रको महत्वपूर्ण योगदान रहेको छ । यस डाँडाझेरी ग्रामीण विकास केन्द्रले सामाजिक क्षेत्रमा काम गर्न सफल



*(बाँकी ८ पेजमा)*

# सैलुनले बनायो उद्यमी

**✍ सलक थापा मगर, गैंडाकोट-३, ढोडेनी**



यस गैंडाकोट गा.वि.स. एक सुगम गा.वि.स. का रुपमा परिचित भएपनि “बत्ती मुनि अध्याँरो” भनेझैं वाड नं. ३ ढोडेनी भौगोलिक, सामाजिक, आर्थिक तथा राजनैतिक हिसाबले पछाडि परेको क्षेत्र हो । भौगोलिक हिसाबले विकट भएर होला यस क्षेत्रमा विकास निर्माणका कार्यहरु निकै न्यून रुपमा भएका छन् । म यसै गा.वि.स. को वाड नं. ३ ढोडेनी गाउँमा बसोबास गर्दै आएको छु । सामान्य सात जनाको परिवार रहेको मेरो घरमा आर्थिक अवस्था कमजोरीका कारणले सताइरहेको अवस्था र १२ कक्षाको परिक्षासँगै बीचमा रहेको फुर्सदिलो समयलाई सदुपयोग गर्न मलाई पनि रोजगारीको लागी केही गरौं भन्ने मनमा विभिन्न ईच्छाहरु पलाउँदै गएका थिए ।

एकदिन गाउँमा साथीहरुको कुराकानीबाट सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न किसिमका आयमूलक तथा सीपमूलक सम्बन्धी तालिम दिलाउने गर्छ भन्ने कुरा थाहा पाएपछि मैले ग्रामीण युवा विकास कार्यक्रमसँग सैलुन सम्बन्धी सीप सिक्नका लागि निवेदन पेश गरें । नभन्दै सैलुन सम्बन्धी सीप सिक्नको लागि अवसर प्राप्त भयो । अनि सैलुन सम्बन्धी सीपमुलक तालिम सिक्दै गएँ । यस सैलुन सम्बन्धी तालिम पश्चात हाल मैले मेरै गाउँमा सैलुन व्यवसाय गरेर दैनिक न्यूनतम ३ सयदेखि अधिकतम ६ सयसम्म कमाउने गरेको छु । स्वरोजगारका लागि यस व्यवसायले मलाई धेरै सहयोग गरेको छ । यसरी नै हाम्रो दुर्गम गाउँमा रहेका वेरोजगार युवाहरुलाई सीपमूलक तालिम लिई रोजगारी बनी आर्थिक उन्नति बढाउने काम गर्न आग्रह गर्दछु । आगामी दिनमा पनि सहमति, ग्रामीण युवा विकास कार्यक्रमसँग सैलुन सम्बन्धी अझै थप कोर्ष सिक्ने आशा राखेको छु । ग्रामीण क्षेत्रमा रहेका युवाहरुहरुलाई पनि सीपमुलक तालिम सिक्नको लागि अवसर दिन आग्रह गर्दै कार्यक्रमलाई हृदय देखि नै हार्दिक धन्यवाद दिन चाहन्छु ।

# जीविकोपार्जनका लागि सिलाईकटाई

**✍ हुमिसरा सारु, कोटथर-१, साठिमुरे**



यस गा.वि.स. भौगोलिक, सामाजिक, आर्थिक तथा राजनैतिक हिसाबले पछाडी परेको क्षेत्र हो । भौगोलिक हिसाबले विकट भएर होला यस क्षेत्रका युवाहरु रोजगारीको शिलशिलामा नेपालको भूमी छाडेर विदेशको भूमीमा काम गर्नको लागि पलायन भएका छन् । मलाई पनि रोजगारीको लागि केही गरौं भन्ने मनमा विभिन्न इच्छाहरु पलाउँदै गएका थिए । मनमा विभिन्न इच्छा हुँदाहुँदै पनि घरयासी आर्थिक समस्याले गर्दा सीप सिक्न सकिरहेको थिइन । एकदिन साथीहरुको भेटघाटबाट सहमति, ग्रामीण युवा विकास कार्यक्रमले विभिन्न किसिमका आयमूलक सम्बन्धी तालिम दिलाउने गर्छ भन्ने कुरा थाहा पाएपछि मैले ग्रामीण युवा विकास कार्यक्रमसँग सिलाईकटाई सम्बन्धी सीप सिक्नका लागि निवेदन पेश गरें । नभन्दै “जहाँ इच्छा त्यहाँ उपाय” भनेझैं मलाई सीप सिक्नको लागि अवसर प्राप्त भयो । अनि सिलाईकटाई सीपमूलक तालिम सिक्दै गएँ । कुनैपनि काम गर्दा मनबाट नै लागेर काम गऱ्यो भने पक्कै पनि सफलता प्राप्त गर्न कुनै कठिनाइ हुँदैन । मलाई धेरै इच्छा हुँदाहुँदै पनि सिकेको भएर होला, मैले ३ महिनामा नै संस्थाको सहयोगबाट सिलाईकटाई सीप सिक्न सफल भएँ । मैले सिकेको सीपलाई व्यवहारमा उतार्न थाले । जसबाट मेरो घरपरिवारको समस्या आइपर्दा यस व्यवसायबाट सजिलैसँग धान्न सहयोग पुगेको छ ।

अर्कोतर्फ यो पेशा स्वावलम्वी भएकाले मलाई कुनै अप्ठ्यारो परेको छैन किनकी म यस पेशालाई निरन्तरता दिई आफ्नो खुट्टामा

*(बाँकी ११ पेजमा)*

# तालिम लिन पाएर हर्ष

**✍ अम्बिका श्रेष्ठ**
**कोटथर-५, थामवेंसी**



मेरो नाम अम्विका श्रेष्ठ हो । म नवलपरासी जिल्लाको अति विकट ठाँउ कोटथर गा.वि.स. वार्ड नं. ५ थामवेंसीमा बसोबास गर्दै आएकी छु । मेरो मनका कुरा भन्नु पर्दा म केही नजान्ने सामान्य महिला थिए । मेरो घरको आर्थिक अवस्था कमजोर र शिक्षाको कमीले गर्दा केही जानेको थिइन । आफ्नो मनमा भएका कुरा पनि अलि शिक्षित मानिसको सामु केही बोल्न सक्दिनथें । म आफ्नै सुरमा खेतीपाती गरी बसेको थिए । मनमा धेरै कुराहरु खेल्दथ्यो, सधै दुःख र साहुको चर्को ब्याजबाट कहिले मुक्ति पाइएला भनी सोच्दथें, कुनै संस्था, समूहमा पनि मेरो सहभागिता थिएन त्यसैले बचत गर्ने बानीको विकास पनि थिएन । जब यस गा.वि.स. मा २०६५ सालमा सहमति, ग्रामीण युवा विकास कार्यक्रम संचालन भयो त्यसपछि समूह भेला गरी विभिन्न खालका कार्यक्रमहरु गराउँदा गाउँको अवस्थाबारे जानकारी भयो र हाम्रो यस ठाउँमा सहकारी संस्था छ भन्ने धेरैलाई थाहा थिएन । ग्रामीण युवा विकास कार्यक्रमले निभ्न लागिसकेको सहकारीलाई व्यवस्थित गरी पछाडि परेका निम्नस्तरका सबै महिला पुरुषहरुलाई सहकारीमा आवद्ध गराइ स्थानीय स्तरमा बैंकको भूमिका निभाउनमा सफल भएको छ । मैले पनि अहिले त्यस संस्थामा बचत गर्दै आएको छु र अहिले धेरैलाई सजिलो भएको छ । अरुसँग चर्को व्याजमा ऋण काढ्नु परेको छैन ।

यसरी सहमतिबाट विभिन्न खालको गोष्ठी, तालिम र भ्रमणले हाम्रो गा.वि.स.मा धेरै राम्रो विकास भइरहेको छ । पहिला यहाँका मानिसहरुले बजारबाट तरकारी किनेर खान्थे भने अहिले सहमतिले कृषि सम्बन्धी तालिम तथा उन्नत बीउबिजनको सहयोग गरेर अहिले आफैंले तरकारी उत्पादन गरेर आफ्नो परिवारलाई खान र घरायसी खर्च टार्न सजिलो भएको छ । सहमति ग्रामीण युवा विकास कार्यक्रमका सबै कार्यक्रमहरु हेर्दा गाउँ बस्तीका लागि ज्यादै उपयोगी देखिएको र उक्त कार्यक्रमबाट पाएका सल्लाह सुझावबाट मेरो मनमा पनि केही गरौं भन्ने सोंच आयो र मलाई सिलाईकटाई सीपमूलक तालिमको सीप सिकेर व्यवसाय गरी बस्ने चाहना भएकाले सिलाईकटाई सीपमूलक तालिम सिक्नको लागि सहमति संस्थासँग निवेदन पेश गरें र कार्यक्रमबाट सिक्ने अवसर पनि पाएँ । ६ महिनाको तालिमपश्चात गाउँमै टेलर्स खोली कपडाहरु सिलाउन थाले र उक्त पेशाबाट आर्थिक जोहो गरी घरयासी खर्च टार्न सहयोग पुगेको छ । यस व्यवसायले मलाई स्वरोजगारको अवसर प्रदान गरेको छ । यसरी सीपमूलक तालिम सिक्न पाएकोमा मलाई धेरै खुशी पनि लागेको छ । सहमति, ग्रामीण युवा विकास कार्यक्रमले थप विभिन्न तालिम, ज्ञान, सीप दिई अझै थप कोर्ष सीप सिक्ने आशा राख्दै म जस्तै ग्रामीण क्षेत्रमा रहेका महिला दिदीबहिनीहरुलाई पनि सीपमूलक तालिम सिक्नको लागि अवसर दिन आग्रह गर्दै कार्यक्रमको सहयोग प्रति आभार प्रकट गर्न चाहन्छु ।

## स्थानीय तहमा फलफूल नर्सरीबाट मिलेको सफलता

✍ देवराज सारु
डाँडाझेरी-७, रामकोट



मेरो नाम देवराज सारु मगर हो । मेरो घर नवलपरासी जिल्लाको विकट डाँडाझेरी गा.वि.स. वार्ड नं. ७, रामकोट भन्ने ठाउँमा पर्छ । म अहिले श्री देवडाँडाचुली मा.वि.मा कक्षा १० मा अध्ययन गर्दैछु । मेरो घरमा दाई, बुवा, आमा र म गरी ४ जनाको परिवार रहेको छ । रामकोट एउटा दुर्गम तथा विकट स्थानमा रहेको मगर समुदायको वस्ती हो । यहाँ अनपढ कुरीति तथा अन्धविश्वासले छाइरहेको बेलामा विभिन्न सरकारी तथा विभिन्न संघसंस्थाहरुले सहयोग गर्ने क्रममा सहमति ग्रामीण युवा विकास कार्यक्रमले यस क्षेत्रमा विभिन्न किसिमका जनचेतना सम्बन्धी, आयमूलक सम्बन्धी, सुरक्षित बसाईँसराइ जस्ता कार्यक्रमहरु सञ्चालन गर्नका लागि सन् २००८ जनवरीदेखि प्रारम्भ गरेको थियो ।

यस सहमति ग्रामीण युवा विकास कार्यक्रमद्वारा सहकारीको व्यवस्थापनमा युवा सूचना केन्द्र खोलेपछि मैले विभिन्न विषय सम्बन्धी जानकारीहरु सिक्ने अवसर प्राप्त गरे । त्यसमा पनि कृषि सम्बन्धी पुस्तकहरु अध्ययन गर्दा यहीं नै मेहनत र लगनशीलता भई कृषि सम्बन्धी व्यवसाय गरे आम्दानी गर्न सकिंदो रहेछ भन्ने जानकारी तथा सहमति ग्रामीण युवा विकास कार्यक्रमका विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु सञ्चालनमा विभिन्न कृषि सम्बन्धी तालिम तथा विरुवा वितरण गर्ने क्रममा मेरो मानसपटलमा पनि कृषि सम्बन्धी सोचको विकास भएकाले मैले सहमतिका सरहरुसँग र अन्य अग्रजज्यूहरुसँग सरसल्लाह लिंदा यस क्षेत्रमा फलफूलका विरुवाहरु उत्पादन गर्ने नर्सरी फार्म नभएकाले नर्सरी फार्म राख्ने योजना बनाएँ । योजना अनुसार राखेको नर्सरी फार्मबाट केही वर्षपछि विरुवा बिक्री वितरण गरी प्राप्त आम्दानीले अध्ययन गर्नको लागि आर्थिक सहयोग पुग्नुको साथसाथै परिवारिक खर्च जुटाउन धेरै मद्दत पुगेको छ । यस व्यावसायबाट हाम्रो परिवार पूर्णरुपमा सन्तुष्ट रहेको छ । यस नर्सरी फार्मले यस क्षेत्रमा रहेका समुदायहरुलाई विरुवा बिक्री वितरणमा सेवा पुऱ्याइरहेको छ । साथसाथै अझ यस नर्सरी फार्मलाई आगामी दिनहरुमा व्यावसायिक रुपमा बिस्तार गर्ने लक्ष्य लिएको छु ।

आगामी दिनमा सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग सरसल्लाह लिएर एड्भान्स तालिम लिई व्यापक रुपमा अगाडि बढाउने योजना गरिरहेको छु । यसको लागि सहमति संस्थाले मलाई अगाडि बढ्नका लागि जुन उत्प्रेरणा जगाएको छ त्यसको निरन्तरताको सहयोगको अपेक्षा राख्दै आफ्नो लागि केही गरौ भनी सीप सिकाउने यस सहमति संस्थालाई फदय देखि नै मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

## भेटेनरी पेशालाई व्यवसायिक वनाउने धोको

✍ जनक ब. रानाभाट
ग्रा.पशु स्वा. कार्यकर्ता, डाँडाझेरी-१, मथार



नवलपरासी जिल्लाको डाँडाझेरी गा.वि.स.१ निवासी पिता दयालाल रानाभाट र माता केशमाया रानाभाटको कोखवाट किसान परिवारमा जन्म भयो । २०४६ सालमा तनहूँ कोटदरवार-८ मा रिमा रानाभाटसँगको वैवाहिक जीवन, २०४७ सालमा एस.एल.सी. उत्तीर्ण, २०४९-५० सम्म नारायणगढ दुग्ध डेरीमा नोकरी, २०५१-५६ सम्म काठमण्डौ जिल्ला साङ्ला गा.वि.स.मा गा.वि.स. सचिवमा कार्यरत, २०५८-६० सम्म साउदी अरबमा हाउस पेन्टर, २०६१-६४ सम्म मलेशियामा क्वीयु.सि. पदमा कार्यरत, विदेश जादाँको लगानी र परिवारको विछोड सम्झेर नेपालमा नै गएर केही गरौ भन्ने चाहना वोकेर घर फर्केर आएँ । सहमति ग्रामीण युवा विकास कार्यक्रमले स्थानीय स्तरमा रहेका युवाहरुलाई स्वरोजगारको अवसर सृजना गर्नको लागि ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम दिदैछ भन्ने जानकारी पाएँ ।

एक महिना पछि ढुङ्गो खोज्दा देउता मिलेझैं म पनि स्वरोजगारको लागि अवसर खोजीरहेको बेलामा संस्थाबाट त्यस्तो जानकारी प्राप्त भएपछि मैले पनि कार्यक्रममा निवेदन पेश गरें तत् पश्चात तालिम लिने अवसर पनि प्राप्त गरें । सो तालिम ०६५ माघ २१ देखि फाल्गुन २६ गते सम्म CTEVT वाट ३५ दिने तालिम पूरा गरेपछि २०६५/१२/१३ देखि घरमा भेटेनरी पसल गर्दै आइरहेको छु । विधिको विडम्वना ०६७ आषाढ देखि ०६९ भदौ सम्म ३ वर्षमा ३ पटक आन्द्राको अप्रेशन गरी बाँच्न सफल भएको छु । विरामी पर्दा पनि पसललाई निरन्तरता दिदैं पशु सेवा उपलब्ध गराउँदै आइरहेको थिएँ भने वर्तमान समयमा आफ्नो गा.वि.स. तथा छिमेकी गा.वि.स.र तनहुँ जिल्लाका केही गा.वि.स. मा समेत सेवा दिन थालेको छु । उक्त पेशाबाट सन्तुष्ट नै छु । घरको आर्थिक स्थितिले गर्दा थप तालिमहरु लिन सकिरहेको छैन । यहाँका संस्थाहरुले विभिन्न किसिमका प्राविधिक तालिमहरु सञ्चालन गरी जनशक्ति उत्पादन भइरहेको छ तर सो तालिम लिएर आइसकेपछि व्यवहारमा उतारेको देखिएको छैन । एकातिर संस्थाले लगानी गरेर खर्चको महत्व नबुझ्नेहरुलाई तालिम दिनु भन्दा पुरानो जो सक्रिय भएर लागेको छ उसलाई नै थप तालिम दिइ दक्ष प्राविधिक बनाउन सक्यो भने पहाडी क्षेत्रमा रहेका गा.वि.स.का समुदायहरुलाई अझबढी थप सेवा सुविधा प्राप्त गर्न सक्ने देखिन्छ ।

अन्तमा, मेरो जीवनलाई परिवर्तन गरी यहाँसम्म ल्याउन सफल सहमति, ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार प्रकट गर्न चाहन्छु । साथै आगामी दिनहरुमा पनि सहयोगको अपेक्षा राख्दै उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

## सामाजिक क्षेत्रमा ....

लागि कुलो निर्माण, विद्यालय भौतिक सुधारका लागि सामाग्री सहयोग, बङ्गुर खोर व्यवस्थापन, बाखापालन, सुन्तला, अनार, कागती लगायतका विरुवाहरु सहयोग, मौसम अनुसारका विभिन्न तरकारी बालीका विउविजन, सूक्ष्म खाद्यतत्वहरु आदि उपलब्ध भएको छ । त्यस्तै युवा भनेका आर्थिक विकासका मेरुदण्ड भएकाले ग्रामीण क्षेत्रमा रहेका युवाहरुको जनचेतनामा वृद्धि गर्न युवा केन्द्रित सीपमुलक तालिमहरु, गोष्ठी, अवलोकन भ्रमण, युवा पैरवी जस्ता विभिन्न कार्यक्रमहरु पनि सञ्चालन भएका छन् । जसले ग्रामीण क्षेत्रमा रहेका युवाहरुलाई जोश जाँगरमा वृद्धि ल्याउनुको साथै समाजको विकास र विस्तारमा महत्वपूर्ण टेवा पुऱ्याएको छ ।

अर्कोतर्फ जनसेवा सामाजिक विकास केन्द्र नेपालको आफ्नै तालिमहलको व्यवस्था पनि रहेको छ साथै यसले ग्रामीण क्षेत्रमा रहेका समस्याहरुलाई पहिचान गरी, ती समस्याहरु समाधान गर्न अगाडि बढिरहेको छ । साथै सहमति, ग्रामीण युवा विकास कार्यक्रम तथा अन्य दातृ गैरसरकारी निकायसँग साझेदारी गरी नेटवर्कको रुपमा कार्यक्रम गर्ने लक्ष्य रहेको छ । अन्त्यमा सहमति संस्थाले यस संस्थालाई जन्माउनेदेखि हुर्काउने, बढाउने कार्यमा र निरन्तर संस्थासँग साझेदारी गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि गर्नुभएको सहयोगप्रति आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि सहयोगको अपेक्षा सहित मेरो व्यक्तिगत तर्फबाट र संस्थाका कार्यसमिति सदस्यहरुको तर्फबाट सहमति परिवार र संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

# ब्युटीपार्लरबाट आर्थिक समुन्नतितर्फ बढ्दै

✍ मनमाया गान्छाकी

गैंडाकोट-३, टाँटरीबास



नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स.को काँङ्ग्रेसचोक देखि करिब ५ कि.मि. उत्तरमा टाँटरीबास गाउँ अवस्थित छ । भौगोलिक हिसावले गैंडाकोट वडा नं. ३ अन्य वडाहरुको तुलनामा सामाजिक, आर्थिक, राजनैतिक तथा साँस्कृतिक रुपमा पछाडि परेको छ र म त्यही गाउँको वडा नं. ३ टाँटरीबासमा वस्छु । मेरो नाम मनमाया गान्छाकी हो । म एक विवाहित युवा महिला पनि हुँ । सामान्य लेखपढ गरेकी र सानै उमेरमा विवाह भएको थियो । धेरै लेखपढ पनि नभएको र घरमा पनि खेती किसानी भएको हुँदा मेरो जीवन खेतीपाती गरेर नै बितेको थियो । जब घरमा छोराछोरीहरु ठुला हुदै जान्छन्, उनीहरुको लागि पढ्ने खर्च, घरखर्च जुटाउन किसानी पेशाले निकै गाह्रो हुन थाल्यो । अब के गर्ने होला भनि सोंच्दै जाँदा गाउँमा वैदेशिक रोजगारको चहलपहलले गर्दा श्रीमानलाई विदेश पठाएर घरखर्च टार्ने योजना बनाएँ । घरमा आपसी सरसल्लाहवाट श्रीमानलाई विदेश पठाएँ । श्रीमान विदेश गएपछि टन्न पैसा आउछ भनेर मख्ख परी घरमा बसिरहे तर के सोचेको जिन्दगीमा के भयो आज भन्ने भनाई मनमा आउन थाल्यो । धेरै पैसा कमाउने प्रलोभनमा श्रीमानलाई विदेश पठाएँ तर वास्तवमा सोचेजस्तो हुन सकेन ।

एकातिर श्रीमानले विदेशमा सोचे जति कमाई गर्न नसक्नु र अर्को तर्फ दिनानुदिन महङ्गी बढ्दै गएकाले पनि घरखर्च, बच्चाबच्ची पढाउन निकै गाह्रो हुन थाल्यो । खर्च गर्ने बवाटाहरु दिनदिनै मौलाउँदै आएका छन् तर आम्दानी गर्ने बाटो केही छैन । समस्यै समस्याले पिरोलिरहँदा "आफु नमरी स्वर्ग देखिन्न" भन्ने उखान मेरो लागि चरितार्थ बन्न पुग्यो । समस्या भन्ने कुरा के रहेछ भन्ने कुरा बल्ल थाहा पाएँ । जब घरमा दिनानुदिन आर्थिक समस्या बढ्दै गयो अनि मेरो मनमा अब त केही गर्नु पर्छ भन्ने सोचको विकास भयो । म यस भन्दा अगाडि कुनै पनि समूह, सहकारीमा सदस्य बनेको थिइन । समूहगत रुपले कार्यहरु गर्दा सहज हुने वातावरण देखेपछि म पनि समूहको सदस्य बने अनि त्यही समूहमा बचत गर्न पनि शुरुवात गरें । समूहको भेला तथा सहमतिका सरहरुबाट ग्रामीण युवा विकास कार्यक्रम मार्फत धेरै युवाहरुलाई सीपसिकाई सक्षम बनाएको कुरा थाहा पाएपछि मैले पनि सीप सिक्ने विचार गरी आठ महिनासम्म ब्युटीपार्लर तालिम सिके । ब्युटीपार्लर तालिम सिकेपछि व्यावसाय सञ्चालन गर्नका लागि समूहवाट ऋण र सहमति ग्रामीण युवा विकास कार्यक्रम मार्फत रु. ५०००/- बराबरको सहयोगबाट ब्युटीपार्लर र कस्मेटिक पसल खोलेकी छु । अहिले एक महिनामा २५ हजारदेखि २८ हजारसम्मको व्यापार हुन्छ जसमध्ये १० हजार जति खुद नाफा बचत भएको छ । अहिले मलाई घरखर्च, बच्चाबच्चीहरुलाई बोर्डिङ्ग पठाउन र बचत गर्न निकै सहज भएको छ । म युवावर्गहरुलाई के भन्न चाहन्छु भने सीप सिकौं, रोजगारी बनौं, समयलाई चिनौं, समयलाई चिनी सीप सिकी अघि बढ्यौं भने सफलतामा पुग्न सकिन्छ ।

अन्तमा आगामी दिनहरुमा पनि यस कार्यक्रमले युवा सम्बन्धी कार्यक्रमहरु बढाउँदै ग्रामीण क्षेत्रमा रहेका युवाहरुको लागि आत्मनिर्भर बन्न जुन उत्प्रेरणा जगाउँदै जानुभएको छ त्यसको निरन्तरताको अपेक्षा राख्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

# मेरो जिन्दगी यस्तो हुन्छ भनेर सोचेको थिईन

✍ चुनीमाया लुङ्गेली

डाँडाभ्mेरी-४, वरिमल, नवलपरासी



मेरो नाम चुनी माया लुङ्गेली हो । मेरो जन्म वि.सं. २०४४ सालमा नवलपरासी जिल्लाको डाँडाझेरी गा.वि.स. वाड नं. ४, वरिमल भन्ने ठाउँमा भएको हो । मेरो वुवा लालबहादुर लुङ्गेली र आमा टिकामाया लुङ्गेलीको कोखबाट जन्मिएकी एक मात्र छोरी हुँ । म एउटी मात्र छोरी भएर पनि घरको आर्थिक स्थितिको कारणले गर्दा धेरै लेखपढ गर्न सकिन । मलाई यो कुरा सम्झिदा म आफुलाई एउटी अभागी केटी र समाजको अगाडी अशिक्षित भएको महसुस हुन्छ । मैले घरमा मेलापात, घाँसदाउरा र गाईवस्तुहरु हेर्ने काम गर्ने गर्छु। यसरी नै मैले सधै अब जिन्दगी भरी यस्तै गरी बिताउनु पर्ने होकी भन्ने कुराले निकै निराश बनाउँदथ्यो । हालसम्म आफैले सोचेको थिइन की मेरो जिन्दगी यस्तो हुन्छ भनेर, जब हाम्रो डाँडाझेरी गा.वि.स.मा सहमति, ग्रामीण युवा विकास कार्यक्रम आयो तब सो कार्यक्रमले सिलाईकटाई सम्बन्धी सीपमुलक तालिम प्रदान गर्दै आएको कुरा मैले थाहा पाएँ ।

त्यसपछि मैले मेरो परिवारसँग सरसल्लाह लिई सिलाईकटाई सीपमुलक तालिमका लागि ग्रामीण युवा विकास कार्यक्रममा निवेदन पेश गरें । कार्यक्रमवाट सीप सिक्ने अवसर प्राप्त भएपछि लगनशील भई ६ महिनासम्म सिकें । छ महिनाको सिलाईकटाई सीपमुलक तालिम लिएर आएपछि घरमा एउटा मेसिन ल्याई सिलाउने काम गरे । एउटा आफैंले र अर्को सहमति, ग्रामीण युवा विकास कार्यक्रमबाट रु ५००० बराबरको लगानी सहयोग गरी दुई वटा सिलाईकटाई मेसिन किनेको छु । यस सिलाईकटाई सीपमुलक तालिम पश्चात हाल मैले मेरै गाउँमा सिलाईकटाई व्यावसाय गरेर मासिक न्युनतम ३ हजारदेखि अधिकतम ८ हजारसम्म कमाउने गरेको छु । स्वरोजगारका लागि यस व्यवसायले मलाई धेरै सहयोग गरेको छ ।

यसरी नै हाम्रो दुर्गम गाउँमा रहेका वेरोजगार युवाहरुलाई सीपमुलक तालिम लिई रोजगारी बनी आर्थिक उन्नति वढाउने काम गर्न आग्रह गर्दै अन्त्यमा, सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । आगामी दिनहरुमा पनि निरन्तर रुपमा सहयोगको अपेक्षा राख्दछु ।

## नवलपरासी ......

विभिन्न कार्यक्रमहरु संचालन गरेको थियो । कार्यक्रम पश्चात सहकारीमा शेयर सदस्यतामा वृद्धि भै हाल ७७५ जना पुगेका छन् । यस संस्थामा न्यूनतम रु ५० देखि बचत गर्ने र खुत्रुके बचत गर्न पाउने व्यवस्था मिलाईएको छ । संस्थामा शेयर सदस्यहरु र शेयर रकम पनि वृद्धि भएको छ । हाल यो संस्थाले आफ्नै भवनमा कार्यालय संचालन गरी कामहरु अगाडि बढाइरहेको छ । कामना बचत तथा ऋण सहकारी संस्था लि.ले प्रत्येक व्यक्तिलाई साक्षीको रोह्रवर तथा संचालक समिति र ऋण उपसमितिको स्विकृतिमा ३०,००० वरावर बिना धितो ऋण लगानी पनि गर्दछ । बिना धितो लिईएका ऋणलाई ६ महिना भित्रमा बुझाईसक्नु पर्छ ।

"एक घर एक शेयर सदस्य" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै डाँडाझेरी गा.वि.स.मा रहेका कुल ४२४ घरधुरीलाई सहकारी संस्थामा समेटिएको छ जसले गर्दा यो सहकारी लुम्विनी अञ्चल र नवलपरासी जिल्लाको पहिलो र पश्चिमाञ्चल क्षेत्रको दोश्रो शतप्रतिशत घरधुरी आवद्ध भएको सहकारीको रुपमा परिचित भएको छ । कामना बचत तथा ऋण सहकारी संस्था लि.लाई निरन्तर संचालनमा ल्याउनको लागि गरेको सहयोग प्रति यो संस्था आभार प्रकट गर्न चाहन्छ साथै आगामी दिनहरुमा पनि अझै निरन्तर रुपमा सहयोगको आशा राख्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

## सीपमूलक तालिम स्वरोजगारको लागि कोसेढुङ्गा

✍ **जीतमाया थापा, गैंडाकोट–३, हर्दी**

यस गैंडाकोट गा.वि.स. सुगम गा.वि.स. भनीए पनि वडा नं. ३ भौगोलिक, सामाजिक, आर्थिक तथा राजनैतिक हिसाबले पछाडि परेको क्षेत्र हो । भौगोलिक हिसावबले विकट भएर होला यस क्षेत्रमा विकास, निर्माण तथा संरचनाका कार्यक्रमहरु ओझेलमा परेको कुरा सवैलाई थाहा छ । भौगोलिक रुपले विकट क्षेत्रमा मेरो जन्म भएको र क्रमश: बाल्य अबस्थाबाट युवावस्था तिर पार गरिरहँदा मेरो मनमा धेरै तरङ्गहरु मौलाउदै आईरहेका थिए । परिवारको आर्थिक समस्याले गर्दा कसरी धेरै पैसा कमाउन सकिएला भन्ने चिन्तनले पिरोलीरहँदा मलाई पनि रोजगारीको लागि केही गरौं भन्ने मनमा विभिन्न इच्छाहरु खेल्दै गएका थिए । इच्छा हुँदाहुँदै पनि आर्थिक तथा अज्ञानका कारणले गर्दा सीप सिक्न सकिरहेको थिइन । घरखर्च तथा दैनिक क्रियाकलापहरु सम्पन्न गर्न मैले अलिअलि रक्सी उत्पादन गरी बेच्ने गर्थे । अज्ञानी भएकाले होला अरु कसैसँग बोल्न पनि हिचकिचाउँथे ।

एकदिन साथीहरुको भेटघाटबाट सहमति, ग्रामीण युवा विकास कार्यक्रमले १६ वर्ष देखि ४० वर्ष सम्मका मानिसहरुलाई विभिन्न किसिमका आयमूलक सम्बन्धी तालिमहरु दिलाउने गर्छ भन्ने कुरा थाहा पाएपछि मैले ग्रामीण युवा विकास कार्यक्रमसँग सिलाईकटाई सम्बन्धी सीप सिक्नका लागि निवेदन पेश गरें । नभन्दै "जहाँ ईच्छा त्यहाँ उपाय" भनेझैं मलाई मिति २०६६ साल श्रावण १ गतेबाट सिलाईकटाई सीपमुलक तालिम सिक्नको लागि अवसर प्राप्त भयो । अनि सिलाईकटाई सीपमुलक तालिम सिक्दै गएँ त्यसको साथसाथमा डिजाइन गर्ने तरिका पनि सिक्ने मौका पाएँ । मैले ६ महिनामा नै संस्थाको सहयोगबाट सिलाईकटाई सीप सिक्न सफल भएँ । मैले सिकेको सीपलाई व्यवहारमा उर्तान थाले । शुरुशुरुमा अलि कठिनाइ भएपनि अहिले सहज भई मेरो घरपरिवारको समस्या आइपर्दा यस व्यावसायबाट सजिलैसँग धान्न सहयोग पुगेको छ । मैले सिलाईकटाई सीपमुलक तालिम लिएर आएपछि घरमा एउटा मेसिन ल्याई सिलाउने काम गरे । सहमति, ग्रामीण युवा विकास कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा सिलाईकटाई मेसिन किनेको छु । यस सिलाईकटाई सीपमुलक तालिम पश्चात हाल मैले मेरै गाउँमा सिलाईकटाई व्यवसाय गरेर मासिक १० हजारसम्म कमाउने गरेको छु । स्वरोजगारका लागि यस व्यवसायले मलाई धेरै सहयोग गरेको छ । "तैले आँट म पुऱ्याउँछु" भन्ने उखान मेरो लागि चरितार्थ भएको छ । यसरी नै हाम्रो दुर्गम गाउँमा रहेका वेरोजगार युवाहरुले सीपमूलक तालिम लिएर आर्थिक उन्नति बढाउने काम गर्न आग्रह गर्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रमलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

## समाज विकास तर्फ उन्मुख ढाडवेंसी

✍ **देवराज विश्वकर्मा, कोटथर–४, ढाँडवेंसी**



म नेपालकै अत्यन्त विकट मानिने नवलपरासी जिल्लाको कोटथर गा.वि.स.मा पुरातनवादी कृषि प्रणाली अपनाइरहेका सोझा वावुआमाको कोखबाट २०३३/०४/२८ मा कोटथर–४ ढांडवेंसीको भूमिमा जन्म लिएँ । नवजात शिशु अवस्थादेखि नै विभिन्न समस्याहरुसँग पौठेजोरी खेल्दै हाल ३६ औं बसन्त पार गरिसकेको छु । जीवनको दौरानसँग आफ्नो व्यक्तिगत समस्या मात्र नभइ विभिन्न सामाजिक समस्याहरुले गर्दा मेरो मानसपटलमा पनि चेतना हुन थाल्यो । गाउँका बासिन्दाहरुमा जनचेतनाको कमी, अन्धविश्वास, अशिक्षित, पुरातनवादी सोच, जीवननिर्वाहमुखी कृषि उत्पादनका कारण जीवनस्तर अत्यन्तै दयनीय अवस्थामा भएकोले गर्दा आफ्नो व्यक्तित्व विकासका लागि पनि त्यो समस्याबाट मुक्ति पाउन सकिंन । त्यस्तै गाँउका साथीहरुको आर्थिक स्थिति भन्दा मेरो आर्थिक अवस्था पनि निकै कमजोर रहेकाले गर्दा आफ्नो जीवनको यात्रालाई सुख दु:खका साथ अगाडि बढाइरहेको कुरा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

यहाँका मानिसहरुसँग आ–आफ्नो जीवन जिउनको लागि थोरै थोरै खेतबारी त भएको तर सिंचाईको असुविधाका कारण जीवन निर्वाहमुखी उत्पादनले गर्दा खानपानमा समस्या भएर स्वास्थ्य, शिक्षाका समस्याहरु पनि विकराल रुपमा उभिएका छन् । जव यस कोटथर ५ थामबेसींमा सन् २००८ देखि सहमति ग्रामीण युवा विकास कार्यक्रमले कार्यक्रम संचालन गर्न थालेपछि विभिन्न पक्षहरुको सुधार सँगसँगै सिंचाईको क्षेत्रमा पनि सहयोग गर्नका लागि यहाँका बासिन्दाहरुले निवेदन पेश गरें । कार्यक्रमबाट निवेदनको उच्च मूल्याङ्कन गरी गरेको सहयोगले आज आवादी जग्गाहरुको सदुपयोगवाट उत्पादनमा वृद्धि भई यहाँका मानिसहरुले सन्तुलित भोजनको उपयोग गर्ने सु–अवसर प्राप्त गरिरहेका छन् । जसले गर्दा स्वास्थ्यमा समेत उल्लेखनीय सुधार भएको छ । त्यस्तै गरी समयको परिवर्तन सँगसँगै कोटथर–४, ढाँडवेसीमा खहरेखोला लघु जलविद्युत आयोजना सञ्चालन भई हाल यस गाउँमा बिजुली बलिरहेको कुरा सवैलाई सर्वविदितै छ । सो कार्यका लागि गरेको सहयोगबाट यहाँका बासीहरु खुसी भएका छन् ।

अन्तमा भौगोलिक हिसाबले विकट रहेको यस कोटथर गा.वि.स.मा सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सन् २००८ को जनवरीदेखि समाजको चौतर्फी विकासका लागि गरेको सहयोगको उच्च मुल्याङ्कन गर्दै आगामी दिनमा पनि यस ठाउँको विकास निर्माणका लागि निरन्तर सहयोग हुने आशाका साथ सहमति, ग्रामीण युवा विकास कार्यक्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद !

## ग्रामीण .....

भएपछि समुदाय र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको नजरमा विश्वासको पात्र वनेको छ । संस्थालाई विधिवत रुपमा अगाडी वढाउने उद्देश्यले सहमति ग्रामीण युवा विकास कार्यक्रम, संस्थाका सम्पूर्ण कार्यसमिति सदस्यहरु, युवा प्रतिनिधिहरु, बुद्धिजीवीहरु समाजसेवीहरुको छलफलबाट संस्था दर्ता गर्ने निर्णय भयो । निर्णयपश्चात डाँडाझेरी ग्रामीण विकास केन्द्रको विधान निर्माण र कानुनी प्रक्रिया पुरा गरेर विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय नवलपरासीमा मिति २०६९ साल मंसिर ८ गते१८०० औं स्थानमा दर्ता हुन सफल भयो । यसरी डाँडाझेरी गा.वि.स.मा भएका गैरसरकारी संस्थाहरु मध्ये डाँडाझेरी ग्रामीण विकास केन्द्र दोश्रो स्थानमा रहेको छ । हाल यस संस्थाले सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट १ थान दराज, ४ वटा कुर्ची, १ थान टेवल र संस्थाको आन्तरीक श्रोतबाट स्टेशनरी सामाग्री खरीद गरी वाड नं. ९ टाँडीमा नियमित प्रशासकीय कार्यसञ्चालनका लागि १ कोठा भाडामा लिएर कार्यालय सञ्चालन गरिरहेको छ । डाँडाझेरी ग्रामीण विकास केन्द्र र सहमति, ग्रामीण युवा विकास कार्यक्रमको साझेदारीमा वि.सं. २०६९ सालमा पनि वातावरण सरसफाई, कामना बहुउद्देश्यीय सहकारी संस्था लि. र युवा सूचना केन्द्रको सदस्यता वृद्धिका लागि छलफल गर्न डाँडाझेरी गा.वि.स. अन्तर्गत वार्ड नं. १,२,५,६,७,८ र ९ मा कार्यक्रम सञ्चालन भइरहेको थियो । वार्ड नं. १ मा १३ घरधुरीमा सुधारिएको बंगुर खोर निर्माण गर्ने काम समेत सम्पन्न भएको छ ।

यसरी डाँडाझेरी ग्रामीण विकास केन्द्रले कार्ययोजना अनुसारका कार्यक्रमहरु निरन्तर रुपमा संचालन भैरहेको अवगत गर्न चाहन्छु । डाँडाझेरी ग्रामीण विकास केन्द्रलाई समाज कल्याण परिषद् काठमाडौंमा दर्ता पनि गरिएको छ । संस्थाले गरेको कार्यसफलतामा सहमति, ग्रामीण युवा विकास कार्यक्रमले पुऱ्याएको सहयोगप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । र सहमति, ग्रामीण युवा विकास कार्यक्रमले आगामी दिनमा पनि निरन्तर रुपमा सहयोगका लागि अपेक्षा समेत राख्दछु ।

# समाजमा युवाशक्ति निरीह भएर बस्नु हुँदैन

✍ शिशिर लुङ्गेली
रतनपुर-५, वसेनी



ग्रामीण क्षेत्रमा रहेका युवाहरुको सहभागिताको कमीले समाजको विकास प्रक्रियामा दिन प्रतिदिन कमी आएको देखिन्छ । विज्ञान र प्रविधिको विकाससँगै अगाडि बढ्ने प्रक्रियामा अन्धविश्वास, परम्परागत सोंच तथा अनावश्यक गतिविधिका क्रियाकलापहरुबाट समाजमा विभिन्न किसिमका विकृतिपुर्ण घटनाहरु तथा आधारभुत आवश्यकताका समस्याहरु उत्पन्न हुन्छन् जसले गर्दा हाम्रो समाजको दिगो विकासमा अवरोध खडा भएको छ । युवाहरुको समाजप्रतिको सकारात्मक सोंच, भविष्यका कार्ययोजनाप्रतिको चासो तथा वौद्धिक विकासको कमजोरीले गर्दा गाउँ समाजको विकास खस्कँदै नाजुक बन्दै गइरहेको छ । त्यसैले यि विकराल समस्याको समाधान गर्न वर्तमान युवाहरुको लगनशीलता, ईमान्दारीताबाट मात्र सम्भव छ । वर्तमान अवस्थामा दक्ष तथा बुद्धिजीवी युवाहरु आफ्नो क्षेत्रलाई छोडेर विदेशिन बाध्य भएका छन् । दिनप्रतिदिन युवा साथीहरु विदेशिनुले दक्ष जनशक्तिको अभाव भई ग्रामीण क्षेत्रको विकास र विस्तारमा वाधा पुगी रहेको छ ।

विकराल बन्दै गएको समाजलाई सहमति, ग्रामीण युवा विकास कार्यक्रमले सन् २००८ देखि रतनपुर गा.वि.स.का युवाहरुको इच्छा, आकाङ्क्षा, चाहना अनुसारका विभिन्न किसिमका गैर-कृषि तालिमहरु, कम्प्यूटर मर्मत, अंग्रेजी भाषा, ड्राइभिङ्ग, पशु स्वास्थ्य, तरकारी खेती लगायतका तालिमहरु प्रदान गरि वेरोजगारी युवाहरुलाई रोजगार दिलाउनको लागि युवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । अर्कोतर्फ दिनानुदिन वढ्दै गइरहेको वैदेशिक रोजगारमा युवाहरुको विदेश पलायन हुने प्रवृतिलाई कम गर्न विभिन्न प्रकारका गैर-कृषि तालिमहरु मार्फत् स्वरोजगारको अवसर सृजना गर्ने र विदेश जाने युवाहरुलाई वैदेशिक सम्बन्धी जानकारी लिन युवा सूचना केन्द्रले महत्वपुर्ण भूमिका खेलेको छ । अहिले गाउँका युवाहरु वैदेशिक रोजगार सम्बन्धी जानकारीका लागि युवा सूचना केन्द्र पुगेर कसरी पासपोर्ट वनाउने, पासपोर्ट बनाउदा के-के कागजपत्रहरुको आवश्यकता पर्दछ, त्यस्तै विदेश जादाँ मुख्य ध्यान दिनुपर्ने कुराहरु के-के हुन् लगायतका अन्य प्रक्रियाहरुबारे चासो दिएका छन् । हुनत युवा सूचना केन्द्रले सहमति, ग्रामीण युवा विकास कार्यक्रमसँग सम्झौता गरी रतनपुर गा.वि.स.का विभिन्न वडाहरुमा युवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । आगामी दिनहरुमा पनि युवा सूचना केन्द्रले विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी जनजीवनसँग जोडिएका शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक साँस्कृतिक तथा वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरुलाई अगाडि बढाउनु पर्ने देखिन्छ जसले गर्दा युवा सूचना केन्द्रलाई अघि बढाउन थप मद्दत मिल्छ । समाजमा भएका विकृतिपूर्ण घटना समस्याहरुलाई न्यूनिकरण तथा व्यवस्थापन तथा विकासको प्रक्रियालाई अगाडि बढाउँदै समाज र गाउँलाई नमूनाको रुपमा चिनाउनु युवाको भूमिका हो । युवाशक्ति भनेको त्यस्तो शक्ति हो जुन शक्तिले समाजको विकासलाई आमूल परिवर्तन गर्न सक्छन । तसर्थ युवा विना देशको विकास सम्भव छैन । अन्तमा ग्रामीण क्षेत्रमा रहेका युवाहरुले हातमा हात समातेर समाज परिवर्तनका लागि जाग्नुपर्ने वेला आएको छ । "अधिकार मागेर पाइँदैन खोसेर लिनुपर्छ" भन्ने भनाइलाई आत्मसाथ गर्न समाजमा युवाशक्ति निरीह भएर बस्नु हुँदैन, एकजुट भएर राष्ट्र निर्माणका लागि कम्मर कसेर लाग्नुपर्छ ।

यसरी सहमति, ग्रामीण युवा विकास कार्यक्रमले युवाहरुका लागि गरेको सहयोग प्रति सम्पुर्ण युवाहरुको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । आगामी दिनहरुमा पनि युवाहरुलाई विकास निर्माणकार्यमा अझ वढि शसक्त रुपमा अगाडि बढाउन निरन्तर सहयोग हुने अपेक्षाका साथ मुरी मुरी धन्यवाद दिन चाहन्छु ।

# खस्रो पातलाई पनि चिल्लो वनाउन सकिन्छ

✍ चतुरे सारु मगर
डाँडाझेरी-७, रामकोट



मगर समुदायको बाहुल्यता भएको क्षेत्रमा जन्मिएको म चतुरे सारु मगर सानैदेखी अन्धविश्वास र कुरीतिले भरिएको नवलपरासी जिल्लाको दुर्गम, विकट डाँडाझेरी गा.वि.स. वार्ड नं. ७ रामकोटमा जन्म भयो । अन्धविश्वास र अनपढ गाउँमा जन्म भएकाले सानो उमेरमा लेखपढ गर्ने अवसरवाट बन्चित हुन बाध्य भएँ । लेखपढ गर्न नपाएपनि साधारण पढ्न सक्ने क्षमता भएकाले भौंतारिदै जाने क्रममा रेडियो घडी मर्मत गर्ने कार्य तर्फ सोच भयो र मेहनत गर्दै अगाडि वढ्ने क्रममा आफ्नो कार्यलाई निरन्तरता दिँदै अगाडि वढें । यसरी कार्य बिस्तार गर्दै जाने क्रममा नयाँ सोच लिएर विद्युत उत्पादनका लागि आवश्यक सामग्री स-साना मोटर, टर्वाईन तथा अन्य सामाग्री निर्माण कार्य तर्फ लागि परें । यो कार्य सफल भएपछि खानेपानी ट्याङ्कीमा पानी जम्मा गरी सो पानीलाई उपयोग गरेर गाउँको २३ घरधुरीलाई विद्युत उत्पादन गरी उज्यालो वनाउन सफल भएँ ।

यसरी मेहनत गर्दै जाने क्रममा विभिन्न सरकारी निकाय र संघसंस्थासँग सहयोगको हात फिजाएँ जसको फलस्वरुप सरकारी निकाय र अन्य संघसंस्थाद्वारा केही सहयोग प्राप्त भयो र लादी खोलाबाट विद्युत उत्पादन गरी २४ घरधुरीले विद्युत सेवा उपभोग गरेका छन् । यसरी विभिन्न सरकारी निकाय र संघसंस्थाबाट सहयोग प्राप्त भएपनि सहमति ग्रामीण युवा विकास कार्यक्रमले नियमित रुपमा थप सहयोग गर्दै आएको छ । यसरी सहयोग मार्फत २०७० वैसाख महिनाबाट धान कुटानी मील सञ्चालन भैरहेको छ । धान कुटानी मीलले रामकोटको महिला दिदीबहिनीहरुले ढिकीमा बस्नबाट मुक्त भएको खुसीको अनुभव गरेका छन् । हो वास्तवमा "हुने विरुवाको चिल्लो पात" भनेझैं खस्रो पात भएको बिरुवालाई नियमित रुपमा लगनशीलतापूर्वक मलजल गर्‍यौं भने खस्रो पातलाई पनि चिल्लो बनाउन सकिन्छ भन्ने मेरो धारणा छ । यसरी ग्रामीण क्षेत्रलाई आत्मनिर्भर बनाउन सहयोग गर्ने सहमति संस्थालाई धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरुमा पनि सल्लाह सुझाव दिदैं सहयोग गर्नु हुनेछ भन्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# सामूहिक उद्यमको सम्भावना केराखेती

✍ किशोर कुमार लुङ्गेली
युवा सूचना केन्द्र, रतनपुर-१, दमार



रतनपुर गा.वि.स.अर्न्तगत पर्ने वडा नं. १ दमार महेन्द्र राजमार्गबाट करिव नौ किलोमिटर उत्तरमा पर्दछ । भौगोलिक हिसाबले बेंसी भनेर चिनिने यस दमारमा प्रशस्त आम्दानीको सम्भाव्यता बोकेको भएपनि आधुनिक कृषि व्यवसायको कमीले गर्दा यहाँको आम्दानीको स्रोत गर्भमा नै विलीन भइरहेको छ । एकातिर वैदेशिक रोजगारको बाढीले यहाँका युवाका पाखुराहरु खाडीको विभिन्न क्षेत्रमा प्रयोग भइरहेको छ भने अर्कोतिर विकासका कार्यहरु बिस्तारै बिस्तारै खस्किरहेको छ । यिनै विकराल र भयानक अवस्थालाई देखेर सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा यस दमारका किसानहरुलाई भेला गराई केराखेतीबाट आर्थिक प्रगति गर्न सकिन्छ भन्ने जानकारी भए पश्चात यस क्षेत्रका करिव १७/१८ घरधुरीका किसानहरुले दमार केरा खेती समूह गठन गरी व्यवसायिक रुपमा केरा खेती गरेका छन् र आउँदो दशैं तिहारमा केरा खेतीबाट आम्दानी लिन सकिने सम्भावना रहेको यस “दमार केरा खेती समूह” का सदस्य चुमान सिं चितौरेज्यूले बताउनुहुन्छ । ५० बोट केराको विरुवाबाट शुरुवात गरेका यहाँका कृषक सदस्यहरुले वर्तमान समयमा यस क्षेत्रमा करीव ३०० रोपनी जग्गामा केराखेती बिस्तार भएको छ । आउदो वर्ष अझै क्षेत्रफलको आकारमा वृद्धि भई करिव ६०० रोपनी जग्गामा केराखेती बिस्तार हुने सम्भावना रहेको छ । त्यसको लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट किसानहरुलाई थप तालिमहरु प्रदान गर्नका लागि सहयोगको अपेक्षा गर्नुहुन्छ यस समितिका अर्का सदस्य चुमबहादुर चितौरे ।

“उद्देश्य विनाको शिक्षा र गन्तव्य विनाको यात्रीको कुनै अर्थ रहदैन” भन्ने भनाइलाई आत्मसाथ गर्दै यस क्षेत्रका कृषकहरुले गरेको व्यवसायिक केरा खेतीबाट मनग्ये आम्दानी हुने कुरामा निश्चित छ किनकी बजारको दृष्टिकोणवाट पनि नजिक रहेको नारायणगढ बजार तथा धार्मिक कार्यमा केराको प्रयोग बढी हुनुले पनि यस क्षेत्रमा उत्पादन भएको केरालाई राम्रो मुल्यमा बिक्री वितरण हुने भएकोले कुनै समस्या देखिँदैन । अर्कोतर्फ किसानहरुले समयलाई ध्यानमा राखी केरा उत्पादन गर्ने हो भने वेमौषममा मालभोग जातको केराको मूल्य प्रतिदर्जन रु.५०/- देखि रु.६०/- सम्म बिक्री गर्न सकिन्छ जसबाट प्रशस्त आम्दानी गर्न सकिन्छ । केरा खेती गर्ने यस क्षेत्रका कृषकहरुले केरा व्यवसायलाई आत्मविश्वासका साथ अगाडि बढाउने हो भने आगामी दिनमा रतनपुर गा.वि.स.को दमार क्षेत्र केराखेतीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । केराबाट विभिन्न प्रकारका परिकारहरु, जामजेली, केराको थामवाट झोलाहरु, केराको म:म: जस्ता कुराहरु बनाई आम्दानी गर्ने अर्को सम्भाव्यता पनि हो ।

अन्तमा हाम्रै वरपर भएका विभिन्न आयमूलक अवसरहरुको खोजी गरी विदेश जाने सोंच लिएका तथा वेरोजगार युवाकृषकहरुलाई आयमूलक सम्बन्धी तालिमहरु सिकेर व्यवसायी बनी आफ्नो जीवनलाई सुमधुर वनाउन आग्रह गर्दछु । सहमति, ग्रामीण युवा विकास कार्यक्रमले लिएर आएका विकासमुखी कार्यक्रमहरुलाई उचित तवरबाट सदुपयोग गरी सचेत, सक्षम र समतामूलक समाजको निर्माणमा पनि अग्रसर हुन सम्पूर्ण युवाहरुलाई आग्रह गर्दै सहमति ग्रामीण युवा विकास कार्यक्रमले गरेको सहयोग प्रति धेरै धेरै धन्यवाद दिन चाहन्छु ।



# शिक्षा आजको अहम् आवश्यकता

✍ छविराज सुनारी
रतनपुर-५, वसेनी



शिक्षा भनेको कुनै पनि व्यक्तिको बौद्धिक ज्ञानको विकास गर्नु हो । शिक्षालाई हामी विभिन्न तरिकाले पनि व्याख्या गर्न र बुझ्न सकिन्छ । शिक्षाले व्यक्तित्वको विकास, नमूना समाजको विकास र सिङ्गो राष्ट्रको दिगो विकास गर्न सकिन्छ । आजको युग भनेको विज्ञानको युग हो त्यसैले कुनै पनि व्यक्ति शिक्षामा वञ्चित हुनु भनेको त्यसले आफ्नो जीवनलाई अन्धकार बनाउनु हो । समुदायमा रहेका हरेक व्यक्ति शिक्षावाट वञ्चित हुनुहुँदैन । यदी समुदायमा कोही पनि मानिसहरु अशिक्षित हुन्छन् भने तिनिहरुलाई जीवनयापन गर्न धौ धौ हुन्छ । मलाई लाग्छ शिक्षा आजको आवश्यकताको मूल विषय वनेको छ । शिक्षाले दक्ष जनशक्ति उत्पादन गर्न सक्दछ । यस्ता दक्ष जनशक्तिलाई राष्ट्रमा सरकारले सही सदुपयोग गर्न सकेदेखी देश विकासले ठुलो शिखर चुम्नेछ भन्ने कुरामा दुई मत देखिदैन । हुन त ग्रामीण युवा विकास कार्यक्रमले पनि समुदायमा रहेका बालबच्चाहरु तथा युवाहरुको लागि शिक्षाको पहुँचमा बृद्धि होस् भन्ने उद्देश्य राखी अनौपचारिक शिक्षा, अंग्रेजी भाषाका कक्षाहरु सञ्चालन, किशोरी शिक्षा, छात्रवृत्ति सहयोग जस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ । यसबाट रतनपुर गा.वि.स.मा विद्यालयको पहुँचबाट टाढा रहेका वालवच्चा, युवाहरु अशिक्षित, अनपढ तथा आर्थिक अभावले पढ्न नपाएकाहरुलाई ठूलो योगदान पुगेको छ । ग्रामीण क्षेत्रमा शिक्षाको स्तर बढाउन अन्य शिक्षासँग सम्वन्धित निकायहरुले पनि सहयोग गर्नुपर्छ ।

हुनत ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा शिक्षाको पहुँच बढी भएको देखिन्छ । वास्तवमा भन्ने हो भने शिक्षा प्राप्तिका लागि ग्रामीण क्षेत्रवाट शहरी क्षेत्र तिर लैजानुले गाउँमा रहेका विद्यालय, बोर्डिङ्गहरुमा विद्यार्थी कम भएर बन्द हुने अवस्थामा रहेका छन् । ग्रामीण क्षेत्रमा रहेका सवै विद्यालय, बोडिङ्गहरुमा दक्ष जनशक्ति ल्याएर पठनपाठन गराउने हो भने पक्कै पनि गाउँकै विद्यालयमा विद्यार्थीहरु बृद्धि हुन सक्छन् । ग्रामीण क्षेत्र होस या शहरी क्षेत्र होस जहाँबाट जसरी पढेपनि मानिस शिक्षित हुनु हो । दुर्भाग्य भन्नुपर्छ किनकी ग्रामीण तथा शहरी क्षेत्रबाट शिक्षा प्राप्त गरेपछि उक्त दक्ष जनशक्ति देशको राजनितिक अस्थिरताको कारणले गर्दा देशमा रहेर परिचालन हुन सकेको छैन । दैनिक १२०० देखि १५०० भन्दा माथि युवाहरु विदेश पलायन भएका छन । देशमा विकास गर्न सक्ने व्यक्तिहरु अर्काको मरुभूमीमा शक्तिको प्रयोग हुँदा दु:ख लाग्छ । हाम्रो गाउँघरमा शिक्षाको खासै परिवर्तन हुन सकेको छैन । किनभने हाम्रो गाउँघरमा पढ्नु पर्छ बाबुनानी भन्नुपर्ने ठाउँमा पढेर के नै गर्नु छ र ? नपढे नि हुन्छ भन्ने व्यक्तिहरु छन् ।

सबैलाई थाहा छ कुनै पनि गाउँमा शिक्षित र अशिक्षित व्यक्तिहरु हुन्छन । तर हाम्रो गाउँठाउँमा नबुझ्ने व्यक्तिहरु धेरै छन । आज भन्दा १०-१५ वर्ष पहिले ५-८ कक्षा पढ्ने व्यक्तिले गर्ने काम अहिले आएर १०-१२ कक्षा पढ्ने व्यक्तिले गर्नुपर्ने अवस्था छ । आजको समयमा आएर पनि शिक्षा ग्रहण नगरेको व्यक्तिले भोली गएर के कस्ता काम गर्ने हो ? भन्ने कुरा प्रश्नचिन्ह खडा भएको छ । शिक्षित व्यक्तिले नै कुनै पनि ठाउँको कु-प्रथाहरुको निर्मुल गर्न सक्दछ । सहमति संस्थाले शिक्षामा लगानीलाई वृद्धि गरी ग्रामीण क्षेत्रमा रहेका तर शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरु, अनपढ व्यक्तिहरु, अशिक्षित युवाहरुलाई शिक्षित बनाईरहेको सर्वबिदितै छ । आगामी दिनहरुमा पनि शिक्षाको क्षेत्रमा निरन्तर सहयोग हुने अपेक्षा राख्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

## डाँडाझेरीमा युवाहरुको बिसाउने चौतारो : युवा सूचना केन्द्र

✍ **टिकाराम सारु मगर, डाँडाझेरी-९ टाँडी**

नेपालको राजधानी काठमाडौं देखी ३५० किलोमिटर पश्चिममा रहेको नवलपरासी जिल्लाको उत्तर पवित्र नदी कालिगण्डकी देखि ३ किलोमिटर उचाइमा रहेको डाँडाझेरी गा.वि.स. सदरमुकाम टाँडीमा रहेको डाँडाझेरी युवा सूचना केन्द्रको स्थापना २०६७ सालमा भएको हो । यस युवा सूचना केन्द्र सहमति, ग्रामीण युवा विकास कार्यक्रमको सहयोग तथा कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुँदै आएको छ । यस युवा सूचना केन्द्रमा विभिन्न प्रकारका ज्ञानमूलक पुस्तकहरु अध्ययन गर्न पाईन्छ । युवा सूचना केन्द्रका विभिन्न आफ्नै नीति नियमहरु रहेका छन । यिनै नीति नियमहरुका आधारमा युवा सूचना केन्द्र सञ्चालन भएको छ । युवा सूचना केन्द्रमा सदस्यता बन्नको लागि रु १००/- रकम तिर्नुपर्ने हुन्छ ।

युवा सूचना केन्द्रले दिने सेवा सुविधाहरुमा जस्तै: कुनै व्यावसायिक तालिमका लागि सिफारिस गरिदिने, एक महिनासम्म किताबहरु घरमै लगेर अध्ययन गर्न दिइने, समूहको माग अनुसार वैदेशिक रोजगार सम्बन्धी छलफल गर्ने, खाली समयको सदुपयोगको लागि युवा सूचना केन्द्रमा आएर किताबहरु पढ्न पाउने व्यवस्था, विभिन्न पत्रपत्रिका जस्तै गोरखापत्र, अन्नपुर्ण पोष्ट, कान्तिपुर, साप्ताहिक, नारी र नेपाल पत्रिकाहरु लगायतका सेवा सुविधाहरु प्रदान गर्दछ । त्यस्तै युवा सूचना केन्द्रले वैदेशिक रोजगारमा जानुपुर्व ध्यान दिनुपर्ने कुराहरुको बारेमा सल्लाह एवं सुझावहरु समेत प्रदान गर्दछ । वर्तमान समयमा यस गा.वि.स.मा रहेका युवाहरु फुर्सदको समयको सदुपयोगका लागि युवा सूचना केन्द्रमा आएर विभिन्न प्रकारका पुस्तकहरु, पत्रपत्रिकाहरु, जानकारीमूलक लेखहरु अध्ययन गर्न बिसाउने चौतारो बनी उपयुक्त थलोको रुपमा विकास भएको छ । यसै सन्दर्भमा मैले सम्पूर्ण युवाहरुलाई के पनि भन्न चाहन्छु भने यदि तपाईंहरु विदेश जादै हुनुहुन्छ भने एकचोटी अवश्य पनि यस युवा सूचना केन्द्रमा जसरी पनि आउनुहोस किनकि यहाँ वैदेशिक रोजगारका लागि चाहिने आवश्यक प्रक्रिया तथा कागजपत्रको बारेमा जानकारी दिइन्छ । साथै तपाईंको कागजपत्रहरु सम्बन्धित निकायमा पेश गरिसक्नु भएको छ भने वैदेशिक रोजगार विभागले उपलव्ध गराएको एस.एम.एस. सेवा लिन नभुल्नुहोला जसको लागि PP space passport No. space 4001 मा सेन्ड गरी आवश्यक जानकारी प्राप्त गर्न सकिन्छ । अर्को तर्फ विडम्वना के छ भने रोजगारका लागि दैनिक १५ सयको हाराहारीमा विदेश जाने प्रवृत्ति हुनुले स्वदेशको विकास र बिस्तारमा ठूलै धक्का पुगेको छ । किनकि युवा भनेको आर्थिक विकासको मेरुदण्ड र समाज परिवर्तनको वाहक भएकाले विदेश जाने सोंच वनाएका युवाहरुले स्वदेशमै रोजगारको अवसर खोजी गरेर काम गर्ने हो भने यहीं नै सुन फलाउन सकिन्छ ।

अन्तमा सहमति संस्थाद्वारा प्रर्वद्धन गरिएको यस युवा सूचना केन्द्रले आगामी दिनहरुमा पनि अझै राम्रा कार्यक्रमहरु गर्दै निरन्तर अगाडि वढोस भन्ने शुभकामना व्यक्त गर्दछु । र सहमति ग्रामीण युवा विकास कार्यक्रमले गरेको सहयोग प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

### जिवीकोपार्जनका ...........

उभिनका लागि प्रण गरेको छु । वास्तवमा भन्ने हो भने यस क्षेत्रका नारीहरु समाजमा रहेका अन्धविश्वास, कुरिती र संस्कारले पछाडी पारेका छन् । साथै यी नारीहरुको हातमा कुनै सीप छैन । अन्याय अत्याचारवाट ग्रसित यस क्षेत्रका नारीहरुलाई भौगोलिक विकटताले पनि पीडित वनाएको छ । कतिपय महिलाहरु हातमा सीप नभएका कारणले के गरुँ कसो गरुँ भन्दै भौंतारिएको पनि देखेको छु । जब यस सहमति संस्थाले मलाई आत्मनिर्भर बनाउनको लागि जुन सहयोग प्रदान गरेको छ, यो सहयोग प्रति धेरै नै कृतज्ञ छु । आगामी दिनहरुमा पनि यसरी नै ग्रामीण क्षेत्रमा सीपको खोजीमा रहेका अरु महिला दिदीबहिनीहरुलाई सीपमुलक तालिममा सहभागी गराएर स्वावलम्बी बनाउन प्रेरणा दिनुहोला भन्दै सहमति संस्थालाई मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

## युवा सूचना केन्द्रमा युवाहरुको सक्रिय सहभागिता

✍ **ममता राना**

**अध्यक्ष, युवा सूचना केन्द्र, रतनपुर-१, दमार**



नवलपरासी जिल्ला सुगम जिल्ला भनिएता पनि विकासको दृष्टिकोणले पछाडी परेका १७ वटा पहाडी गा.वि.स.मध्ये रतनपुर गा.वि.स. पनि एक हो । यस गा.वि.स. महेन्द्र राजमार्गदेखि करिव ९ किलोमिटर उत्तरमा रहेको छ । यहाँ वसोवास गर्ने मानिसको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक हिसावले पछाडी परेका छन् । यसको मुख्य कारण अशिक्षा, बेरोजगार, रुढिवादी परम्परा, विदेश पलायन आदी नै हुन । यी तत्वहरुलाई युवाहरुको माझमा प्रचारप्रसार गरी समाज रुपान्तरण तर्फ अगाडी बढाउनको लागि सहमति, ग्रामीण युवा विकास कार्यक्रमको सहयोग र महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि. को व्यवस्थापनमा २०६७ सालमा रतनपुर-१, दमारमा युवा सूचना केन्द्रको स्थापना गरियो । स्थापना भएपछि युवा सूचना केन्द्रको वारेमा युवाहरुमाझ पुग्न सकेको थिएन । त्यसले गर्दा युवा सूचना केन्द्रप्रति युवाहरुको चासो पनि कमी नै देखिन्थ्यो, यसको मुल कारण हामी सवै नै थियो । मिति २०६९/१२/०२ गते रतनपुर गा.वि.स.को युवा सूचना केन्द्रमा सवै युवाहरु जम्मा भएर नयाँ ११ सदस्यीय कार्यसमिति गठन गरियो ।

त्यसपछि सहमति, ग्रामीण युवा विकास कार्यक्रमसँग कार्ययोजना माग गरी कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो । हाम्रो कार्ययोजना अनुसार हामीले सबैभन्दा पहिले सूचना केन्द्रको बारेमा ६ वटा वडामा पुगेर युवाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरु गर्‍यौ । उक्त कार्यक्रम पश्चात युवाहरुले सूचना केन्द्रप्रति बिस्तारै चासो देखाउँदै गए । पुस्तकालय सदस्य संख्यामा पनि १९ जना सदस्यहरुवाट १०७ जना पुग्यो । युवाहरुले युवा सूचना केन्द्रको बारेमा धेरै जानकारी पाएँ । उक्त कार्यक्रम पश्चात युवाहरुलाई कुनै किसिमको सूचना लिन पर्‍यो भने उनीहरु सूचना केन्द्रमा आउने गरेका छन् । भौगोलिक विकटताका कारण टाढा-टाढाका युवाहरुलाई सूचना केन्द्रमा आएर पुस्तकहरु पढ्न समस्या देखिएकाले उनीहरुको माग अनुसार ३, ५ र ८ वडामा सूचना केन्द्रको उपशाखा विस्तार गरियो । उक्त उपशाखाका लागि पुस्तकहरु राख्न बाकसहरु पनि उपलव्ध गराइसकेको छ । कार्यसमितिका सदस्यहरुलाई रजिष्टर र डायरी पनि उपलव्ध गराइसकेको छ । जनचेतनाको अभावका कारणले छिटो विवाह गर्ने, कम उमेरमा सन्तान जन्माउने र लागूपदार्थको प्रयोग गर्ने जस्ता समस्याहरु रतनपुर गा.वि.स.मा देखिएकाले त्यस्ता समस्याहरुलाई न्यूनिकरण गर्ने उद्देश्यले युवा सूचना केन्द्रमार्फत यसै केन्द्रको भवनमा प्रत्येक वडाका युवाहरुलाई भेला गराई दुई दिने जनचेतनामूलक कार्यक्रमहरु पनि सञ्चालन भयो । यसरी ग्रामीण क्षेत्रमा युवा सूचना केन्द्रद्वारा जनचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा सूचना केन्द्रको लोकप्रियता पनि बढ्दै गइरहेको छ ।

अन्तमा यस रतनपुर गा.वि.स.मा रहेका युवाहरुको चेतनाको स्तरमा वृद्धि ल्याउन सूचना केन्द्रमा विभिन्न प्रकारका सीपमुलक, आयमुलक, मनोरञ्जनमुलक, सूचनामुलक लगायतका विभिन्न पुस्तकहरु, वैदेशिक रोजगार सम्बन्धी बुलेटिन, पत्रपत्रिकाहरु आदिमा अझ थप सहयोगको अपेक्षा गर्दै सहमति, ग्रामीण युवा विकास कार्यक्रम र युवा सूचना केन्द्रको सम्बन्ध बिस्तारमा अझ सुमधुर सम्वन्ध प्रगाढ बन्दै जाओस र आगामी दिनमा पनि यसरी नै निरन्तर सहयोग गरी राख्नको लागि अनुरोध गर्दछु ।

## गजल



✍ भोज प्र. खण्डलुक "विवश"
गैंडाकोट-३, ढोडेनी

बेईमानीले गर्दा, मरिराछन् गरीबहरु
सामन्तले गर्दा, झरिराछन् गरीबहरु ।
शोषकको विरुद्ध बोल्नै नसक्ने साधरण
घुमाउरो चलखेल भित्र, परिराछन् गरीबहरु ।
गरीवकै पसीना र रगतले बाँचेका महाजन
बुझ्दैनौ पीडा रुनेको, हारिराछन् गरीबहरु ।
रातारात शिखरमा पुगे, षड्यन्त्र गर्न जान्ने
एकपछि अर्को गर्दै मुग्लान, सरिराछन् गरीबहरु ।
स्वच्छ विचार भएर मात्रै नहुँदो रहेछ यहाँ
दश नंग्रा खियाएर, टारिराछन् गरीबहरु ।
टाठाबाठा वनेकाहरु चक्रव्युह बुन्दैछन्
थाहै नपाई जालमा, फँसिराछन् गरीबहरु ।
सहनै पर्ने दलालको लुट पनि यहाँ
एक्छाक टार्न रातदिन श्रम गरिराछन् गरीबहरु ।
बेईमानीले गर्दा, मरिराछन् गरीबहरु
सामन्तले गर्दा, झरिराछन् गरीबहरु ।

## गजल



✍ शम्भु प्र. तिवारी
अध्यक्ष, युवा सूचना केन्द्र
गैंडाकोट वडा नं. ३, ढोडेनी

सत्य खरानी रहेछ, झुटो काँइला समायौ तिमीले
अमर आत्मा रहेछ, व्यर्थै त्यो तन जगायौ तिमीले ।

प्रसन्न को छ र यहाँ, बाहिरी हाँसो हास्ने संसारमा
जानीजानी या अबुझैमा, निष्ठा दबायौ तिमीले ।

बढ्नु छ अघि जित्नु छ धेरै भन्दा ... भन्दै....
खुकुरीको धारमा जिन्दगी, चलायौ तिमीले ।

त्यागमा खुसी मिल्छ जीवन, भौंतारिनु पर्दैन भो
स्वार्थै स्वार्थ लोभै लोभमा जिन्दगी, फसायौ तिमीले ।

आऊ समाऊ हात अब, संकल्प यो गरिकन
धन्य प्रभु अचम्म यो संसार, रचायौ तिमीले ।

## कविता

✍ आशा लुङ्गेली मगर
डाँडाझेरी, टाँडी

युवा दिवस मनाउन, यहाँसम्म भेला भाछौँ
अब हामी समाजमा परिवर्तन ल्याउँछौ ल्याउँछौ ।
कुलतमा फसिए युवा जति बेरोजगारले
कोही विदेश गए बरा महङ्गीको मारले ।
पुऱ्याउनु छ युवालाई नेतृत्वको संघारमा
फलाउनु छ सबैलाई यो स्वार्थी संसारमा ।
देशको विकास गर्नलाई छाती थाप्ने युवा आज
वाध्यताले आफ्नो गाउँ छोड्नै पर्ने भाछ ।
भोका नाङ्गा बच्चालाई पालनपोषण गर्नै पऱ्यो
गरिबीले नेपाललाई गर्नु सम्म गऱ्यो ।
जुटौ अब युवा हो, आफ्नै देशमा कर्म गरौं
उत्पादनशील कर्म गरी आत्मनिर्भर बनौं ।

## सूचना ! सूचना !! सूचना !!!

**सहमति गैंडाकोट र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम अर्न्तगत डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट वार्ड नं ३ मा सन २००८ देखि विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । यसै सन्दर्भमा उपरोक्त गा.वि.स.हरुमा युवा सूचना केन्द्रमार्फत् सुरक्षित वैदेशिक रोजगारका लागि अपनाउनुपर्ने प्रक्रिया, आइपर्ने समस्याहरु, चुनौतीहरु र त्यसका समाधानहरुको जानकारी गराउने हेतुले यस कार्यक्रमले सुरक्षित वैदेशिक रोजगार र वसाईसराई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरीरहेको हुदाँ ईच्छुक युवा क्लब, महिला समूह तथा विद्यालयहरुले गा.वि.स. मा रहेका युवा सूचना केन्द्रसँग समन्वय गरी फाइदा उठाउनु हुन हार्दिक अनुरोध गरिन्छ ।**

## खुसीको खवर ! खुसीको खवर !! खुसीको खवर !!!

सहमति गैंडाकोट र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम अर्न्तगत डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट वार्ड नं ३ मा सन् २००८ देखि विभिन्न कार्यक्रमहरु संचालन भइरहेका छन् । यसै क्रममा कार्यक्षेत्रमा रहेका युवाहरुलाई मध्यनजर गर्दै कृषि क्षेत्रमा स्थानीय स्रोतव्यक्ति र गैरकृषि क्षेत्रमा व्यवसायीक युवाहरु तयार गरी स्थानीय रुपमा स्वरोजगारको अवसर सिर्जना गर्ने सोच राखी तपशिल अनुसारका तालिमहरुको आयोजना गरिन लागिएको हुँदा तपशिल अनुसार युवाहरुले आफूलाई ईच्छा लागेको विषयमा युवा सूचना केन्द्र, सहकारी संस्था वा स्थानीय संस्थाहरुमार्फत् यथाशीघ्र सहमति ग्रामीण युवा विकास कार्यक्रममा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

- **५१ दिने ग्रामीण कृषि कार्यकर्ता (तरकारीबाली)**
- **५१ दिने ग्रामीण कृषि कार्यकर्ता (अदुवाबाली)**
- **विभिन्न गैरकृषि सीपमूलक तालिमहरु जस्तै प्लम्विङ्ग, हाउस वायरिङ्ग, व्यूटीसियन, डकर्मी, सिकर्मी, हेयर कटिङ्ग, फ्रेस हाउस इत्यादि**

*(नोट : तालिम पश्चात स्थानीयस्तरमानै काम गर्ने युवाहरुलाई प्राथमिकता दिइनेछ)*

प्रेषक

**सहमति**
ग्रामीण युवा विकास कार्यक्रम
गैंडाकोट,-५ नवलपरासी
फोन नं. : ०५६-५०२०९०
E-mail: sahamati@wlink.com.np
rdp@sahamati.org
Website : www.sahamati.org

प्रापक

टिकट